लेखापरीक्षण प्रतिवेदन

खप्तड छेडेदह गाउँपालिका, बाजुरा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

खप्तड छेडेदह गाउँपालिका, बाजुरा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/493

श्रीमान् अध्यक्षज्यू,
खप्तड छेडेदह गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बाजुरा

बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/493

श्रीमान् अध्यक्षज्यू ,

खप्तड छेडेदह गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

बाजुरा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रू.१ अर्ब १६ करोड ३३ लाख ८४ हजारको लेखापरीक्षणबाट रू.२ करोड ४३ लाख ८७ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रू.९ लाख ९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५७ लाख ८० हजार, नियमित गर्नुपर्ने रू.१ करोड ७१ लाख ३९ हजार र पेश्की बाँकी रू.५ लाख ५९ हजार गरी जम्मा रू.२ करोड ४३ लाख ८७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.१६ करोड ८५ लाख ५७ हजारमा यो वर्ष सम्परीक्षण भएको रू.१२ लाख ९० हजार घटाइ बाँकी बेरुजुमा यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रू.१९ करोड १६ लाख ५४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको

संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
११२	६७	२,४३,८७,१५३	०	०	०	०	११२	६७	२,४३,८७,१५३	९,०८,७७६	१,७१,३९,१००	५७,८०,२९५	०	०	२,२९,१९,३९५	५,५८,९८२

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बाजुरा	१६,८५,५६,६३१	०	१२,८९,७४७	१६,७२,६६,८८४	०	२,४३,८७,१५३	१९,१६,५४,०३७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
गत वर्ष सम्मको सम्परीक्षण				
१	२०८०/८१	३५	स्थानीय भत्ता	६४,९२०
२	२०८०/८१	३९	दोहोरो भुक्तानी	१९,४००
३	२०७९/८०	१८.१	आन्तरीक लेखापरीक्षणबाट औंल्याईएको व्यहोराहरु	२८,८००
४	२०७९/८०	२४	आन्तरिक लेखापरीक्षण	३४,५००
५	२०७८/७९	२९	वि पि स्मृति भवन	३,२०,१९७
६	२०७८/७९	४२.३	वडा नं १ कार्यालय भवन	५,०७,७८२

७	२०७८/७९	३९	गाउँपालिका प्रशासकिय भवन	३,१४,१४८
जम्मा				**१२,८९,७४७**

खप्तड छेडेदह गाउँपालिका, बाजुरा

(८०७६९५०२३००)

खप्तड छेडेदह गाउँपालिका , बाजुरा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - संघ, प्रदेश तथा स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी योजनाबद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरू संचालन गर्नु पालिकाको मुख्य उद्देश्य हो। अन्य उद्देश्यहरूमा आय वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु, ज्येष्ठ नागरिकहरूको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु, ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु, स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलब्ध गराउनु रहेको छ। यस गाउँपालिकामा ७ वडा, १३५.०८ वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या १९,३०७ जना रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।१३ देखि २०८२।०५।२० सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूतरूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय – व्ययतर्फ रू.१ अर्ब १६ करोड ३३ लाख ८४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची– २ मा संलग्न छ ।

(ज) वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आर्थिक वर्ष २०८१।८२							
आर्थिक कारोबारको एकीकृत विवरण							
सि.नं.	**प्राप्ति**			**सि.नं.**	**भुक्तानी**		
	विवरण	**रकम**	**रकम**		**विवरण**	**रकम**	**रकम**
१	**गतवर्षको जिम्मेवारी(सुरु मौज्दात)**		**५८५६७ ७६३.३२**	१	**चालु खर्च**		**२७०७७१ ०८०८.६३**
	संचित कोष	४९६३४६७४.६३			१. पालिका तर्फ	१०४०६४३०१.२४	
	धरौटी	६७१४९६०.७५			२. संघीय सशर्त	१६६५७९१५७.३९	
	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	२००८०७५.६६			३. संघीय विशेष	०.००	
	विविध खर्च खाता	२१००५२.२८			४. प्रदेश सशर्त	१२८३५०.००	
	यस वर्षको आय				५. प्रदेश विशेष	०.००	
२	**राजस्व (आन्तरिक आय)**		**२६७४४ ८२.४१**	२	**पुँजीगत खर्च**		**१२८००७ ४२७.००**
	क) आन्तरिक राजस्व	२५९९१३४.६२			१. पालिका तर्फ	८३६१४७७०.००	
	ख) अन्य आय	७५३४७.७९			२. संघीय सशर्त	१००८१७४५.००	
३	**वित्तीय हस्तान्तरण संघ**		**४००३३ ५१७०.१२**		३. संघीय विशेष	८७८९६९८.००	
	क) समानीकरण अनुदान	९५७९७४४०.००			४. संघीय समपुरक	५३८३६३०.००	
	ख) राजस्व बाँडफाँट	८०९८७४०१.१२			५. प्रदेश सशर्त	१३९७५४२५.००	
	ग) सशर्त अनुदान	२०८३३७०००.००			६. प्रदेश विशेष	२६६२४३६.००	
	घ) समपुरक अनुदान	५३८३६३०.००			७. प्रदेश समपुरक	३४९९७२३.००	
	ङ) विशेष अनुदान	९८२९६९९.००		३	**अन्तर स्थानीय तहबाट प्राप्त**		**११४७७३ ७१०.५४**
	च) रोयल्टी	०.००			क)	८३९३६९६४.२०	

					सामाजिकसुरक्षा		
	छ) अन्य	०.००			ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास	१८१८५६००.००	
४	**वित्तीय हस्तान्तरण (प्रदेश)**		**३३५०३ २७२.८७**		ग) उच्च पहाडी हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम	६२५०१८०.००	
	क) समानीकरण अनुदान	९५८७०००.००			घ) छात्रवृत्ति कार्यक्रम	०.००	
	ख) राजस्व बाँडफाँट	१५७८७१५.८७			ङ) विद्यालय शिक्षा क्षेत्र योजना	१२५४०००.००	
	ग) सशर्त अनुदान	१६१६००००.००			च) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५१४६९६६.३४	
	घ) समपुरक अनुदान	३४९९७२३.००			छ) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र	०.००	
	ङ) विशेष अनुदान	२६७७८३४.००		४	**अन्तर सरकारी अख्तियारी (प्रदेश)**	०.००	
	च) रोयल्टी	०.००		५	**ऋण फिर्ता(साँवा)**	०.००	
	छ) अन्य(स्थानीय मालपोत)	०.००		६	**ऋणको ब्याज भुक्तानी**	०.००	
४	**अन्तर सरकारी अख्तियारी (संघ)**		**११४७७ ३७१०.५४**	७	**धरौटी फिर्ता तथा सदर स्याहा**	२७७३९१६.००	**२७७३९ १६.००**
	क) सामाजिक सुरक्षा	८३९३६९६४.२०		८	**कार्यसञ्चालन कोषबाट भएको खर्च**		**२८०९७ ३१४.००**
	ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास	१८१८५६००.००			क) प्रकोप व्यवस्थापन कोष(भुकम्प प्रभावित राहत रकम कोष)	२३४८८७२५.००	
	ग) उच्च पहाडी हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम	६२५०१८०.००			ख) विपन्न लक्षित छात्रवृत्ति	९७८०००.००	
	घ) छात्रवृत्ति कार्यक्रम	०.००			ग) जलवायुपरिवर्तन	०.००	

					स्थानीय अनुकुलन परियोजना		
	ङ) विद्यालय शिक्षा क्षेत्र योजना	१२५४०००.००			घ) सडक बोर्ड	१२१५१९०.००	
	च) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	५१४६९६६.३४			ङ) पर्यटनबोर्ड	१४२२१५१.००	
	छ) घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र	०.००			च) डब्लु एफ पी	५४६३५८.००	
					ज) सूचना प्रविधि अधिकृतको तलब	४४६८९०.००	
६	**अन्तर सरकारी अख्तियारी (प्रदेश)**	०.००	**०.००**	९	**अन्य कोषबाट भएको खर्च**	०.००	
७	**ऋण/ वित्तीय व्यवस्था**	०.००	**०.००**	१०	**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**	०.००	
८	**धरौटी आय**	६८२८७४५.००	**६८२८ ७४५.००**	११	**अन्य सहयोगमा सञ्चालित योजना**	०.००	
९	**अन्य आय भएमा**		**०.००**	१२	**अन्य खर्च भएमा**	०.००	
१०	**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**			१३	**अनुदान फिर्ता**		**३३७४७ ७२१.६१**
११	**अन्य सहयोगमा प्राप्त सञ्चालित योजना**				**१) संघ तर्फ**		
१२	**कार्यसञ्चालन कोष लगायत अन्य कोषको आय**		**२७०९६ ८४६.८३**		क) सशर्त अनुदान	३१६७६०९८.६१	
	क) प्रकोप व्यवस्थापन कोष(भुकम्प प्रभावित राहत रकम कोष)	२२४७५०००.००			ख) विशेष अनुदान	०.००	
	ख) विपन्न लक्षित छात्रवृत्ति	९७८०००.००			ग) समपुरक अनुदान	०.००	
	ग) जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना	०.००			**२) प्रदेश तर्फ**		

	घ) सडक बोर्ड	१२१५१९०.००			क) सशर्त अनुदान	२०५६२२५.००	
	ङ) पर्यटनबोर्ड	१४२२१५१.००			ख) विशेष अनुदान	०.००	
	च) डब्लु एफ पी	५७०००६.००			ग) समपुरक अनुदान	१५३९८.००	
	ज) सूचना प्रविधि अधिकृतको तलब	४३६४९९.८३		१४	**अन्तिम मौज्दात**		**६५६०८ ०९३.३१**
					१. संचित कोषको मौज्दात	५३५४५२९५.००	
					२. अन्य आम्दानी	७५३४७.३१	
					३.धरौटी	१०७६९७८९.७५	
					४.स्थानीय तह प्रकोप व्यवस्थापन कोष	९९४३५०.६६	
					५.विविध खर्च खाता		
					क) सूचना प्रविधि अधिकृतको तलब	१९९६६२.११	
					ख) डब्लु एफ पी	२३६४८.४८	
	जम्मा	६४३७७९ ९९१।०९	**६४३७७ ९९९१।०९**		**जम्मा**	६४३७७९ ९९१।०९	**६४३७७ ९९९१।०९**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक ब्यवस्थापन**

२.१ **आन्तरिक नियन्त्रणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ मा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । यस सम्बन्धमा देखिएका थप व्यहोरा देहाय अनुसार छन ।

क) वजेट व्यवस्थापनतर्फः

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालीन योजना तयार नगरेको ।

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

ख) खरिद व्यवस्थापन तर्फः

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको ।

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यो वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने मालसामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेतापनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोराको सुधार प्रभावकारी नभएको ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन देखिने अभिलेख नराखेको ।

ग) शिक्षा तर्फः

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन नगरेको तथा अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

घ) विविधः

• कार्यालयले विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न नगरेको ।

• कार्यालयले खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखी खर्च गर्ने परिपाटी पूर्णरुपमा कायम नरहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराममध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख नराखेको ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

• गाउँपालिकाले गोश्वरा भौचर लगायतका कागजात पूर्णरुपमा प्रमाणित गरी नराखेको ।

• गाउँपालिका वडा नं ५ को कार्यालय २०८२ आषाढमा नयाँ भवनमा सरेसँगै नयाँ भवनको २ कोठा नेपाल रेडक्रस सोसाइटीले प्रयोग गरेको सम्बन्धमा गाउँसभाले नियमानुसार घरभाडा समेत तोकी कोठा उपलव्ध गराउने निर्णय नगरेको ।

• गाउँ कार्यपालिकाको मिति २०८१।५।१६ को निर्णय अनुसार स्वास्थ्य संस्था तथा वडा कार्यालयमा रहेका चल अचल सम्पतिको जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्ने उल्लेख गरेकोमा प्रतिवेदन तयार नभएको ।

• गाउँपालिकाले फोहोर ब्यवस्थापन सम्बन्धी कार्य नगरेको ।

• गाउँपालिकाले दैनिक भ्रमण भत्ता खर्चमा नियन्त्रण नगरेको ।

• खेल शिक्षक-२, मनोपरामर्श-२ जना लगायतका ६५ करार कर्मचारीमध्ये सबै कर्मचारी प्रतिपर्धात्मक तवरले छनौट नगरेको ।

• गाउँपालिकाको वडा नं. २ भवन तयारी अवस्थामा रहेकोमा उपयोग नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, प्रभावकारी र विश्वसनीय बनाउनुपर्दछ ।

२.२ **घरभाडामा अधिक खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा खर्च गर्दा मितब्ययिता पक्षलाई ध्यान दिनुपर्ने ब्यवस्था छ । गाउँपालिकाले प्रयोग गरी रहेको २ तल्ले भवनको एक चौथाई (६ कोठा) भाग हिमालयन बैंक लिमिटेड छेडेदह शाखाले मासिक रु १६५००।०० का दरले उपयोग गरेको देखियो । गाउँपालिकालाई भवन, कोठा अपुग भई वार्षिक रु ३६४२००।०० घरभाडा खर्च गरेको पाइयो । वैंकसँग न्युन भाडा (यो वर्ष वार्षिक रु १९८०००।००) मा १५ वर्षे संझौता (२०७९।४।१ देखि) गरी उपयोग गरी रहेको देखियो । गाउँपालिकाले बैंकसँगको भएको घरभाडा संझौता पुनरावलोकन नगरी गाउँपालिकाले आफ्नै भवन भाडामा लगाई घरभाडामा यो वर्ष थप रु १६६२००।०० खर्च गरेको मनासिब देखिएन । गाउँपालिका भित्र रहेका सरकारी/सार्वजनिक संरचना (आलु कोल्ड स्टोर वडा नं ५ डोगडी लगायत) पहिचान तथा उपयोग गर्दै बैंकसँगको घरभाडा संझौता पुनरावलोकन गरी घरभाडामा भएको उक्त खर्च नियमित गर्नुपर्ने रु

अनियमित भएको	१,६६,२००

२.३ **नपुग घरभाडा -** हिमालयन बैंक लिमिटेड र गाउँपालिका बी २०७९।४।१ मा भएको २० बुँदे संझौताको बुँदा नं २,३ र १७ मा घरभाडा भुक्तानी गर्ने ब्यवस्था छ । गाउँपालिकाले प्रयोग गरी रहेको २ तल्ले भवनको एक चौथाई (६ कोठा) भाग हिमालयन बैंक लिमिटेड छेडेदह शाखाले मासिक रु १६५००।०० का दरले उपयोग गरेको देखियो । वैंकसँग न्युन मूल्य (यो वर्ष वार्षिक रु १९८०००।००) मा १५ वर्षे संझौता (२०७९।४।१ देखि) गरी उपयोग गरी रहेको पाइयो । सोधपुक्षका क्रममा हाल सरदर मासिक रु ५०००।०० प्रति कोठा घरभाडा पर्ने ६ कोठाको रु ३००००।०० र वार्षिक न्युनतम रु ३६००००।०० हुने देखिन्छ । यो वर्ष सझौंता अनुसार प्राप्त हुनुपर्ने घरभाडा रु १९८०००।०० मध्ये रु १७८२००।०० प्राप्त भई रु १९८००।०० अग्रीमरुपमा प्राप्त भएन । संझौताको बुँदा नं १८ अनुसार दुवैपक्षको सहमतिमा समयानुकूल संझौतामा संशोधन गरी नपुग घरभाडा रु १९८००।०० मा १० प्रतिशत सुद सहित असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१९,८००

२.४ **सहकारी संस्थाको घरभाडा -** स्थानीय सरकार संचालन ऐन २०७४ मा नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई निःशुल्करुपमा पालिकाको सम्पति उपयोग गर्न दिन नसकिने ब्यवस्था छ । गाउँपालिकाले साविक गाउँ विकास समिति (हाल वडा नं ५ को साविक कार्यालय भवन) को २ कोठा २०८१ चैत्रदेखि हालसम्म डोगडी असल सहकारी संस्था लिमिटेडले उपयोग गरी रहेको पाइयो । नाफा कमाउने उद्धेश्यले स्थापिल सहकारी संस्थालाई निःशुल्क घरभाडा उपलव्ध गराउनु मनासिब देखिएन । सोधपुक्ष तथा मिति ०८२।५।१७ मा स्थलगत निरीक्षणका क्रममा १ कोठाको रु ३०००।०० का दरले मासिक सरदर घरभाडा २ कोठाको रु ६०००।०० का दरले ४ महिनाको रु २४०००।०० असुल गरेको देखिएन । देहाय अनुसार हाल वडा नं ५ को साविक कार्यालय भवनमा उक्त सरकारी संस्था रहेको पाइयो । गाउँपालिकाले उक्त घरभाडा, विजुली लगायतको रकम एकीन गरी सुद सहित असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२४,०००

२.५ (१०/2082-02-10):

कार्यसम्पन्न - (प्रदेश हस्तान्तरित समपुरक अनुदान गोभौ १०।०८२।२।१०) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सवै वडामा केन्द्रीय विद्युत लाइन पुर्याउन नेपाल विद्युत प्राधिकरण बाजुरा वितरण केन्द्रलाई ५० प्रतिशत साझेदारी रकम रु ३४९९७२३।०० उपलव्ध गराएकोमा तोकिए अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । उक्त कार्य पूरा गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु

अनियमित भएको	३४,९९,७२३

२.६ **फरक शीर्षक** - गाउँपालिकाको विनियोजन ऐन २०८१ मा एमविविएस अध्ययनरत विद्यार्थी लक्षित छात्रवृति उपलव्ध गराउने उल्लेख छ । गाउँपालिकाले यो वर्ष वडा नं ६ का कानून पढने वीरेन्द्र विष्ठ र वडा नं १ का आचार्य(संस्कृत) पढीरहेका शुभराज जोशीलाई रु ७००००।०० का दरले रु १४००००।०० उपलव्ध गराएको पाइयो । गाउँसभाको निर्णय विपरीत गरेको उक्त खर्च नियमित गर्नुपर्ने रु

अनियमित भएको	१,४०,०००

३ वित्तीय विवरण परीक्षण

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८३९३६९६४.२, एकिकृत स्वास्थ्य पूर्वाधार विकासको रू.१८१८५६००, उच्च पहाडी हिमाली क्षेत्र स्वरोजगार कार्यक्रमको रू. ६२५०१८० र विद्यालय शिक्षा क्षेत्र योजनाको रू. १२५४००० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको ५१४६९६६.३४ समेत गरी रु.११४७७३७१०.५सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण हुन सक्दैन। तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **फरक हिसाब** – स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार पालिकाले एकीकृत आय-ब्यय विवरण तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्तिमा रु.११४७७३७१०।५० र यस वर्षको भुक्तानीमा रु.११४७७३७१०।५० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी रु	यसवर्षको प्राप्ति रु	यसवर्षको भुक्तानी रु	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	५८५६७७६३.३२	५२९००६२८०।५५	४६३३९८१८७।२४	६५६०८०९३।३१
एकीकृत आर्थिक विवरण अनुसार	५८५६७७६३.३२	६४३७७९९९१।०९	५७८१७१८९७।७८	६५६०८०९३।३१
फरक	०।००	११४७७३७१०।५०	११४७७३७१०।५०	०।००

३.३ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातमा देहायअनुसार छ:

खाता	श्रेस्ता अनुसार रु	बैंक अनुसार रु	फरक रु
आन्तरिक राजस्व खाता	०.	०.००	०
बाँडफाँडबाट प्राप्त राजस्व खाता	०.	०	०
आन्तरिक अनुदान खाता	०.	०	०
स्थानीय तह सञ्चित कोष खाता	५३५३५५२३.५२	५३६२१०७९.६८	८५५५६
स्थानीय तह धरौटी खाता	१०७६९७८९.७५	१०७६९७८९.७५	०
चालुखर्च खाता-जोर वर्ष	४९००.	०	-४९००
पुँजीगत खर्च खाता-जोर वर्ष	०.	०	०
स्थानीय तह विविध कोष खाता	०.	०.	०
विविध खर्च खाता	२२३३१०.११	२२२८७३.२२	-४३७
स्थानीय तह आकस्मिक कोष खाता	०.	०.	०
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	९९४३५०.६६	९९४३५०.६६	०
जम्मा	६५५२७८७४।०४	६५६०८०९३।३१	८०२१९।२७

स्रेस्ता अनुसार मौज्दात रु. ६५५२७८७४।०४ र बैङ्क स्टेटमेन्टनुसार वर्षान्तको मौज्दात रु.६५६०८०९३।३१ बीचको फरक हिसाब रु. ८०२१९।२७ को पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

३.४ **अनुदान फिर्ता**– आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुदूरपश्चिम प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरणमा निम्नानुसार रू. ३३७४७७२१।६१ संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ । पालिकाले संघ र प्रदेशबाट प्राप्त अनुदानको अधिकतम उपयोग हुने गरी खर्च गर्नुपर्दछ।

अनुदान	प्राप्त रु	खर्च रु	फिर्ता हुनुपर्ने रु	फिर्ता भएको रु	फरक रु.
संघ शर्सत(चालु)	१८८३३७०००	१६६५७९१५७.३९	२१७५७८४२.६१	२१७५७८४२.६१	०.
संघ सशर्त (पुँजीगत)	२००००००००	१००८१७४५	९९१८२५५.	९९१८२५६.	-१.
संघ (विषेश अनुदान पुँजीगत)	९८२९६९९	८७८९६९८	१०४०००१.	०.	१०४०००१.
संघ (समपुरक अनुदान पुँजीगत)	५३८३६३०	५३८३६३०	०.	०.	०.
प्रदेश सशर्त (चालु)	७६००००	१२८३५०	६३१६५०.	६३१६५०.	०.
प्रदेश सशर्त (पुँजीगत)	१५४०००००	१३९७५४२५	१४२४५७५.	१४२४५७५.	०.
प्रदेश विशेष (चालु)	२६७७८३४	२६७७८३४	२६६२४३६.	१५३९८.	
प्रदेश समपुरक अनुदान(पुँजीगत)	३४९९७२३	३४९९७२३	०.	०.	०.
जम्मा	२४५८८७८८६	२११११५५६२.३९	३७४३४७५९.६१	३३७४७७२१.६१	१०४००००।००

पालिकाले उल्लिखित फिर्ता गर्न बाँकी अनुदान रू. १०,४०,०००।०० लेखापरीक्षणको क्रममा मिति २०८२।०५।१३ गते भौचर नं. ८६१७८५४३ बाट अनुदान फिर्ता गरेको छ। पालिकाले फिर्ता गर्नुपर्ने अनुदान समयमै फिर्ता गर्नुपर्दछ।

४ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलब्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्योट गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्ष र यस वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फस्र्योट नभएकोले नियमानुसार पेश्की फर्स्योट गर्नुपर्ने रू.

क्र.सं.	गो.भौ.न. मिति	पेश्की विवरण	पेश्की प्राप्त गर्नेको नाम	म्याद नाघेको पेश्की		म्याद ननाघेको पेश्की		जम्मा
				यस आव	गत आव	यस आव	गत आव	
१	८(२०८२।०२। ११) प्रदेश पुँजिगत	ठेला उचाउने देखि माटेसाँघु खानेपानी निर्माण	मष्टा कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	४,१४,३६१	०	०	०	४,१४,३६१
२	९(२०८२।०२। २७) संघीय पुँजिगत	डोगडी रिठे पदमार्ग रेलिंग सहित निर्माण खप्तड छेडेदह गापा बाजुरा	रक्षा निर्माण सेवा एण्ड अर्डर सप्लायर्स	१,४४,६२१	०	०	०	१,४४,६२१
३	१(२०८१।०४। ०१)	माटेसाँघु खानेपानी निर्माण	माटे साँगु खा.पा. नि.उ.स.	०	१,५६,७५०.००	०	०	१,५६,७५०.००
जम्मा				५५८९८२	१५६७५०	०	०	७१५७३२

पेश्की	५,५८,९८२

५ पालनको लेखापरीक्षण

५.१ **अनुदानको अनुगमन** -समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ११ र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुँदा नं. १२ मा अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सञ्चालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको

चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी अनुदानबाट सञ्चालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैंन। तसर्थ, कार्यविधिमा भएको व्यवस्थाको पालना गरी सञ्चालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनुपर्दछ।

क्र.स.	**स्रोत**	**योजनाको नाम**	**बजेट खर्च रु**
१	प्रदेश समपुरक अनुदान	राष्ट्रिय प्रसारण लाईन विद्युत बिस्तार	३४,९९,७२३.००
		नाईनाबस्ती स्थानान्तरण कार्यक्रम	०.००
२	प्रदेश विशेष अनुदान	मष्टेश्वरीमा.वि. खेलमैदाननिर्माण	१८,०६,२९०.००
		ठेलाउचाउनेदेखि माटेसाघु खानेपानी निर्माण	८,५६,१४६.००
३	संघ विशेष अनुदान	खप्तडदेखि छेडेदहसम्म रेलिङ सहितको पर्यटकीय पद मार्ग निर्माण	८७,८९,६९८.००
४	संघ समपुरक अनुदान	सिउगाड बृहत तटबन्धन निर्माण	५३,८३,६३०.००

५.२ **सेवा प्रवाहको स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ७ वडाहरुबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध विच्छेद, विवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएता पनि सोको आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलब्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

सि.नं.	विवरण	जम्मा संख्या
१	जन्मदर्ता	७०४
२	मृत्युदर्ता	१५४
३	बसाईसराई दर्ता	५८
४	विवाह दर्ता	१५८
५	सम्बन्धविच्छेद दर्ता	०

५.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्र भित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

५.४ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

५.५ **बजेट सीमा निर्धारण समिति** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिना भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५.६ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

५.७ **बजेट पेश, पारित र अख्तियारी** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखलेमिति 2081/०३/१० मा रू.५२२१७७८२८.०० को बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८१/०३/२६ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१/०४/०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

५.८ **बजेट अवण्डा** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रू.३६११९३८ अवण्डा बजेट व्यवस्था गरीविभिन्न योजनामा रू.२७७११५१ खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र. सं	योजनाको नाम	बजेट	खर्च
१	बार्जुगाड दोर्सो ल.ज.मर्मत सम्भार	४६००००	४३८०४५
२	धलपुरी मन्दिर निर्माण वडा-५	२०००००	१८११८०
३	वडा कार्यालय देखि बाहुनगाउँ हुदै समैज सम्मसडक स्तरोउन्नति	४०००००	३४८०००
४	त्रिपुरा आ.वि. भान्साघर निर्माण	१८६२१२	१४९२७०
५	देवस्थली मा.वि. भान्साघर निर्माण	१८६२१२	१६९४८५
६	धनाल्त आ.वि. भान्सा घर निर्माण	१९२२०२	१५५९३०
७	बालविकास आ.वि. भान्सा घर निर्माण	२०३४५०	१६३८५५
८	ब्रह्मदेव आ.वि. भान्सा घर	२०३८६२	१६५५७०
९	डुंग्रीखोला देखि पुडाबाउला सी.कु. मर्मत	९५०००	७९६२५
१०	कैलासमाण्डु मन्दिर मर्मत तथा निर्माण	८००००	५८६७०
११	विडापाटा खानेपानी मर्मत तथा निर्माण	५०००००	२८२३६
१२	चाम्रेबगर लघु ज. वि. मर्मत (एप्रोसियट इन्जिनियरलाई)	७००००	६८०००
१३	सिदुरे खोला काठे पुल निर्माण	२००००	१९२००
१४	डोगडी स्वास्थ्य चौकी लाई वाल निर्माण आयोजना	५००००	४१७६५
१५	पनेरी खोला देखि ठुला खेत सिचाई कुलो निर्माण आयोजना	३५००००	३१४०१०
१६	वडा-१ ऐरेलीगाड लघु जलबिधुत मर्मत सम्भार आयोजना	२३००००	२२३३९०
१७	वडा-४ वडा राष्ट्रिय विधुत पोल अनलोड र गाडी रिजर्भ	४००००	३९०००
१८	जग्गा भाडा तथा टनेल निर्माण बा	१२००००	११०९२०
१९	प्रहरी चौकी डोगडी ढोका मर्मत	२५०००	१७०००
जम्मा		३६११९३८	२७७११५१

५.९ **विनियोजन ऐन पारित नभई भएको/ गरिएको खर्च** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०८० को नियम ५ मा विनियोजन ऐन प्रारम्भ भएपछि स्वीकृत बजेट विवरणको अधीनमा रही सञ्चित कोषबाट भुक्तानी निकासा दिने व्यवस्था छ। पालिकाले विनियोजन ऐन पारित नगरि स्थानीय सञ्चितकोषबाट खर्च लेखेको छ। यसरी सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्न अधिकार दिने ऐन पारित नगरि भएको खर्च कानूनसम्मत भएको देखिदैन।अत: पालिकाले विनियोजन ऐन पारित गरि सञ्चित कोषबाट खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५.१० **आर्थिक ऐन बमोजिम बजेट पारित नभई राजस्व उठाएको** - महसुल, कर, पोत, शुल्क र दस्तुर लगाउन वा लगाई राखेकोलाई चालु राख्न वा कर दस्तुरमा छुट प्रदान गर्न वा हेरफेर तथा प्रचलनमा रहेको कानून परिवर्नत गर्न आर्थिक ऐनले अधिकार प्रदान गर्दछ। यस वर्ष पालिकाले आर्थिक ऐन बमोजिम बजेट पारित नगरि मिति २०८२।०३।३१ सम्म राजस्व संकलन गरेको देखिन्छ। यसरी कर संकलन तथा छुटको अख्तियारी प्रदान गर्ने महत्तपूर्ण दस्तावेजको रुपमा रहेको आर्थिक ऐन पारित नगरि राजस्व संकलन गर्ने कार्य

संविधान तथा प्रचलित कानून विपरित हुनको साथै गाउँसभा/ नगरसभाको सर्वाधिकार हनन हुने देखिन्छ। अतः पालिकाले आर्थिक ऐन बमोजिम राजस्व संकलन गर्नुपर्दछ।

५.११ **क्षेत्रगत बजेट र खर्चको स्थिति** -स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको आ.व. २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा)
१	आर्थिक विकास	३७०७८०००	२४४८४८७१	५
२	सामाजिक विकास	२६९४६४०००	२०८८८१२२८	३९
३	पूर्वाधार विकास	१२०१९३०००	७९६४५९१८	१५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२१०६३६७२	१५२८८५२२	३
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८६४४९४८०	६५०९५०६६	१२
कुल जम्मा		५३४२४८१५२	३९३३९५६०६	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३९।१० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २।८६ प्रतिशत रहेको छ।

५.१२ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू.२५,९९,१३४.६२ राजस्व बाँडफाँड र अनुदानबाट रू.४३,३८,३८,४४२.९९ समेत रू. ४३,६४,३७,५७७.६१ आम्दानी भएकोमा चालु तर्फ रू. २७,०७,७१,८०८.६३ र पूँजिगत तर्फ रू.१२,८०,०७,४२७.०० समेत रू. ३९८७७९२३५।६३खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।६० प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रू. ६५,२७,५०० खर्च भएको छ जुन आन्तरिक आयको २५१.१४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.३१ प्रतिशत चालु र ६६.३१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

५.१३ **रकमान्तर गरी खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको विनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम ११ कार्यक्रम घटाई ३ कार्यक्रममा बढाएर विभिन्न शीर्षकमा कुल रू.६९५००००।०० रकमान्तर गरी अधिकांश शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले विनियोजन ऐनमा व्यवस्था नगरी एक शीर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नुपर्दछ।

क्र.स.	शिर्षक	शुरु बजेट	रकमान्तर कायम	अन्तिम कायम	निर्णय मिति
घटाउने					
१	जनतासंग अध्यक्ष कार्यक्रम	२,००,०००.००	२,००,०००.००	०.००	२०८१/१०/१०
२	अध्यक्ष कप क्रिकेट प्रतियोगीता (गाउँपालिका स्तरीय)	५,००,०००.००	५,००,०००.००	०.००	
३	भाषा, कला, साहित्य र संस्कृति अक्षय कोष	१०,००,०००.००	१०,००,०००.००	०.००	
४	दाहा संस्कार तथा किरिया खर्च	१०,००,०००.००	१०,००,०००.००	०.००	
५	उपाध्यक्ष संग जनगुनासो कार्यक्रम	१,००,०००.००	१,००,०००.००	०.००	
६	मातृ मृत्यु तथा नवजात शिशु आकस्मिक कोष	१,५०,०००.००	१,५०,०००.००	०.००	
७	किसान प्रवर्द्धन कार्यक्रम	२,००,०००.००	२,००,०००.००	०.००	
८	वातावरण, बन तथा सार्वजनिक जग्गा तथा सम्पतिको संरक्षण सम्बर्धन	२०,००,०००.००	२०,००,०००.००	०.००	
9	नागरिक सन्तुष्ठी सर्बेक्षेण	५,००,०००.००	५,००,०००.००	०.००	
१०	गाउँपालिका पुस्तकालय व्यवस्थापन खर्च	१०,००,०००.००	१०,००,०००.००	०.००	
११	अध्यक्षसंग जेष्ठ नागरिक सम्मान कार्यक्रम	३,००,०००.००	३,००,०००.००	०.००	
बढाउने					
१	खेलकुद कोष	०.००	३,००,०००.००	३,००,०००.००	२०८१/१०/१०
२	विविध खर्च	३०००००००.००	६१,५०,०००.००	९१५००००.००	
३	खेलकुद कोष स्थापना	२००००००.००	५,००,०००.००	२५०००००.००	

पालिकाले यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

५.१४ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ। यस पालिकाले आफ्नो स्थानीय आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली पारित नभएको अवस्थामा संघीय कानूनको अनुशरण गर्नु पर्ने हुन्छ। पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू.4,96,34,675।०० संचित कोष मौज्दात बाँकी रहि यो वर्ष अल्या गरेको छ। तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू.920461.42 बजेटमा भुक्तानी हुन बाँकीको रुपमा व्यवस्था गरी यो वर्ष भुक्तानी गरेको छ।त्यसै गरी आ.व. २०८१/८२ मा संचित कोष रू. ५,३५,३५,५२३.५२मौज्दात रहेकोमा आ.व. २०८२/८३ को लागि रू१,६६,०००.०० भुक्तानी दिनको बाँकी जिम्मेवारी सारेको छ।यसरी गत वर्ष खर्च भई दायित्व सृजना गरेको तर संचित कोषमा पर्याप्त रकम हुँदा समेत भुक्तानी नहुनुको कारण स्पष्ट छैन। त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको देखिएन। सिद्वान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। विशेष परिस्थितिले खर्च हुन गएको तर बजेटले नखाम्ने अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुसार बिल भरपाई सहित प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयमा पठाई बजेटमा व्यवस्था गर्नुपर्दछ।

५.१५ **मध्यमकालीन खर्च संरचना**- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तीनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्चको संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८१।८२ को बजेट तर्जुमाको बखत मध्यमकालीन खर्च संरचनामा तयार गरेको छैन। मध्यमकालीन खर्च संरचनामा तयार नगर्दा आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता देखिदैँन। पालिकाले आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालिन खर्च संरचना तयार गरी कार्यान्वियन गर्नुपर्दछ।

५.१६ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यस आ.व. मा २ पटक सार्वजनिक सुनुवाई भएको देखियो। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

५.१७ **आन्तरिक लेखापरीक्षण**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको त्रैमासिक अवधिमा लेखापरीक्षण नगरी आर्थिक वर्षको अन्त्यमा मात्र आन्तरिक लेखापरीक्षण गरेको छ। साथै आन्तरिक लेखापरीक्षण प्रतिवेदनले दिइएको सुझाव कार्यान्वियनमा तदारुकता देखाएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिमको अवधिमा आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदनमा उल्लेखित सुझावको कार्यान्वियन मार्फत आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

५.१८ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

५.१९ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट** - स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८३ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

५.२० **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ३ वटा नियमावली, ३६ कार्यविधि २ आचार संहिता, ६ निर्देशिका, १ मापदण्ड,१ नीति र १ योजना लगायत ६६ वटा कानुन निर्माण कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले ६६ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियन गर्ने र नमुना कानून अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वियन गरेको देखिएन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ।

५.२१ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र

टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी कुनै पनि मुद्दा देखिदैन। मुद्दा दर्ता भएमा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

५.२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १२ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण २० पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

५.२३ **कर्मचारी प्रोत्साहन भत्ता-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा,गठन, सञ्चालन,व्यवस्थापनसेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेदफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठनसञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधी, २०७९अनुसार रु. ६,९५,०००।०० प्रोत्साहन भत्ता खर्च गरेको छ। जुन पालिकाको आन्तरिक आय रू. २५,९९,१३४.६२ को २६.७४ प्रतिशत हुन आउँछ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी खर्च लेख्नुपर्दछ।

५.२४ **पदाधिकारी सुविधा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.६५,२७,५०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. २५,९९,१३४.६२ रहेको छ। आन्तरिक आयको तुलनामा करिब २५१।१४ बढी खर्च पदाधिकारी सुविधामा भएको देखिएको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

५.२५ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीरकर्मचारीको बैठक भत्ता रू. ८,४२,८००.००खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

५.२६ **आर्थिक सहायता-** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रू. २३९०२५५.०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. २५,९९,१३४.६२ को ९१.९६ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

५.२७ **विविध तथा सभा संञ्चालन खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यस वर्ष सबै वडामा समेत गरी विविधतर्फ (खाजा, खाना लगायत) रू.६८,०७,०३५.०० खर्च गरेको र सभा सञ्चालनतर्फ रू.१८,२३,६८०.०० छ। सो उक्त खर्च पालिकाको आन्तरिक

आयरू. २५,९९,१३४.६२.को ६०।७९ प्रतिशत हुन आउँछ।यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यबस्था हुनुपर्दछ।

५.२८ **वडाको विविध खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गतका निम्नानुसार वडा कार्यालयहरुलाई विभिन्न मितिमा विविध शिर्षकबाट वडालाई रू. ३९१५०००.०० भुक्तानी गरेको छ। विवधि खर्च वडा कार्यालयहरुको खाना नास्ता, खाद्य समाग्री तथा अन्य सामानहरु खरिद गरेको बिल भरपाईको आधारमा खर्च लेखेको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्च बीच आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

१	६०००००.००	यसमध्ये रू.४०००००।०० वडा कार्यालय सञ्चालनमा छुट्याइएको ।
२	५२५०००.००	यसमध्ये रू.४०००००।०० वडा कार्यालय सञ्चालनमा छुट्याइएको ।
३	८०००००.००	यसमध्ये रू.४०००००।०० वडा कार्यालय सञ्चालनमा छुट्याइएको ।
४	६५००००.००	यसमध्ये रू.४०००००।०० वडा कार्यालय सञ्चालनमा छुट्याइएको ।
५	४०००००.००	यसमध्ये रू.४०००००।०० वडा कार्यालय सञ्चालनमा छुट्याइएको ।
६	५०००००.००	यसमध्ये रू.४०००००।०० वडा कार्यालय सञ्चालनमा छुट्याइएको ।
७	४४००००.००	यसमध्ये रू.४०००००।०० वडा कार्यालय सञ्चालनमा छुट्याइएको ।

५.२९ **अतिथि सत्कार खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितब्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष अतिथि सत्कारमा रू. ४,५७,०००।०० खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आयको १५.२३ प्रतिशत हुन आउँछ। यसप्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्नुपर्दछ ।

५.३० **भ्रमण खर्च र अभिलेख-** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा, खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकट समेत गरी अनुसूची-६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारीलाई भ्रमण खर्च स्वरुप रू. २९,७८,८८४।०० र अन्य भ्रमण खर्च रू. २,२६,७२७।०० गरी जम्मा रू. ३२०५६११।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकटर अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

५.३१ **सहकारी नियमन-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी

तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

५.३२ **वडा अध्यक्षलाई भ्रमण भत्ता-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकारको ब्यवस्था छ। भ्रमण खर्च नियमावली, २०६४ को नियम ४(१) मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भवभएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने तथा नियम ४(२) भ्रमण गर्दा राजपत्राङ्कित कर्मचारी वा सो भन्दा माथिल्लो दर्जाको पदाधिकारी वा कर्मचारी भए हवाई यातायात सञ्चालन नभएको ठाउँमा भ्रमण गर्दा वा अन्य कर्मचारीले भ्रमण गर्दा यातायातका अन्य साधन प्रयोग गर्नुपर्नेछ। गाउँपालिकाका वडाका जनप्रतिनिधिहरू भ्रमणमा जाँदा भ्रमणको उद्देश्यमा आफ्नो काम, कर्तव्य र अधिकारमा उल्लेख नै नभएको संघीय विभिन्न मन्त्रालयमा योजना माग गर्न र कार्यालयको विशेष कामले संघीय मन्त्रालय र काठमाडौँमा गएको भनि भ्रमण उद्देश्य देखाई रू.२९,७८,८८४।०० खर्च लेखेको छ। सार्वजनिक सवारी साधनको सहज उपलब्धता हुँदाहुँदै पनि भ्रमणलाई किफायती बनाउनुपर्नेमा वडा जनप्रतिनिधिहरूलाई पदाधिकारी भ्रमण खर्च शीर्षकबाट हवाई यातायात खर्च भुक्तानी गरेको छ। गाउँपालिकाले सार्वजनिक खर्चलाई मितव्ययी बनाउँदै कार्यालयसँग सम्बन्धित कामको मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्दछ।

गो.भौचर नं.र मिति	भुक्तानी पाउनेको नाम	पद	रकम
१०७-२०८१/१०/०८	विर्क बहादुर रावत	वडा अध्यक्ष- ३	२३,३००.००
२७६-२०८१/१२/०५	विर्क बहादुर रावत	वडा अध्यक्ष- ३	२९,३००.००
६४७-२०८२/०३/२२	विर्क बहादुर रावत	वडा अध्यक्ष- ३	३०,२००.००
१२२-२०८१/१०/०९	भक्त बहादुर बुढा	वडा अध्यक्ष- २	१९,५००.००
६८६-२०८२/०३/२४	भक्त बहादुर बुढा	वडा अध्यक्ष- २	२०,७००.००
६४७-२०८२/०३/२२	भक्त बहादुर बुढा	वडा अध्यक्ष- २	३३,८२५.००
१८४-२०८१/१०/२२	बिर बहादुर रावल	वडा अध्यक्ष- १	६१,२००.००
६४७-२०८२/०३/२२	जित बहादुर रावत	वडा अध्यक्ष- ५	१४,०००.००
६८६-२०८२/०३/२४	दल बहादुर धामी	वडा अध्यक्ष- ४	२८,०००.००
६४७-२०८२/०३/२२	धर्मा कुमारी बुढा	कार्यपालिका सदस्य	५,९००.००
६८६-२०८२/०३/२४	धर्मा कुमारी बुढा	कार्यपालिका सदस्य	१९,३००.००
६४७-२०८२/०३/२२	पानसरा देवी लुहार	कार्यपालिका सदस्य	५,९००.००
६८६-२०८२/०३/२४	पानसरा देवी लुहार	कार्यपालिका सदस्य	८,५००.००
६८६-२०८२/०३/२४	भिम बहादुर नेपाली	कार्यपालिका सदस्य	८,५००.००

५.३३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ।

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद/प्राप्ति मूल्य
सवारी साधन (रु.१ लाखभन्दा बढी)		२२	
उपकरण (रु.१ लाखभन्दा बढी)		१४	
अतिक्रमणमा परेको जग्गा		विवरण प्राप्त नभएको	
अतिक्रमण हटाउन गरेको प्रयास		विवरण प्राप्त नभएको	

पालिकाले जिन्सी सामग्रीको यथार्थ लगत राखि जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम जिन्सी मालसामानहरुको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार मर्मत, सम्भार तथा लिलाम बिक्री गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

५.३४ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

५.३५ **जिन्सी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· पालिकाले गत विगतवर्षको मौज्दात रहेका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। पालिकाले अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।

५.३६ **समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

५.३७ **कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत

स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनु पर्दछ।

५.३८ **विपद व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्था कोषमा गत बर्षको मौज्दात रू. २०,०८,०७५.६६र यो वर्षरू. २,२४,७५,०००.०० आम्दानी प्राप्त भएकोमा कोषबाट यो बर्षमा रू.२,३४,८८,७२५.०० खर्च भई रू. ९,९४,३५०.६६बाँकी रहेको देखीयो। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

५.३९ **वार्षिक प्रतिवेदन** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

५.४० **सूचना प्रविधिको प्रयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को निमय १२९ मा कुनै कार्यालयले लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वा लेखा सम्बन्धी कारोवार गर्न महालेखा नियन्त्रक कार्यालय तथा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था छ। पालिकाले कर संकलनलाई व्यवस्थित गर्ने उद्देश्यले सूचना प्रणाली तथा सफ्टवेयर संचालनमा ल्याएकोमा नियमावलीको प्रावधान अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिएको पाइएको देखिएन। नियमावलीको पालना हुनुपर्दछ।

५.४१ **त्रैमासिक पुँजीगत खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष पुँजिगत खर्च रू.१२ करोड ८० लाख ७ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा र दोस्रो त्रैमासिकमा कुनै रकम खर्च भएको देखिएन भने तेस्रो त्रैमासिकमा रू.३ करोड ८ लाख १७ हजार अर्थात २४.०७ प्रतिशत र चौथो त्रैमासिकमा रू.९ करोड ७१ लाख ९० हजार अर्थात ७५.९३ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू.४ करोड ९८ लाख ५० हजार अर्थात ३८.९४ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१२८००७४२७	०	०	३०८१७३६८	९७१९००५९	४९८५०७५०
प्रतिशत	१००.	०	०	२४.०७	७५.९३	३८.९४

५.४२ **क्षेत्रगत बजेट र खर्चको स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ७७.५२ प्रतिशत र आर्थिक विकासमा सबै

भन्दा घटीमा ६६.०४ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्गकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नुपर्दछ।

क्र.सं.	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	३७०७८०००.	२४४८४८७१.	६६.०४
२	सामाजिकविकास	२६९४६४०००.	२०८८८१२२८.३४	७७.५२
३	पूर्वाधारविकास	१२०१९३०००.	७९६४५९१८.	६६.२७
४	सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र	२१०६३६७२.	१५२८८५२२.०५	७२.५८
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	८६४४९४७९.७३	६५०९५०६६.२४	७५.३
कुल जम्मा		५३४२४८१५१.७३	३९३३९५६०५.६३	७३.६३

५.४३ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

५.४४ **योजना तर्जुमा तथा कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना २२ योजनामा रू.१९ लाख ४५ हजार र रू.१ लाख देखि ५ लाख सम्मका ४९ योजनामा रू.१ करोड ३७ लाख ८४ हजार खर्च गरेको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

विवरण	योजना संख्या	बजेट खर्च रु
रू.१ लाख सम्म	२२	१९४५६०९
रू.१ देखि ५ लाख सम्म	४९	१३७८४६३०.
रू.५ देखि १० लाख सम्म	१९	१५५२६४७२.
रू.१० देखि २० लाख सम्म	९	१२१८२३०२
रू.२० देखि ५० लाख सम्म	७	२४४८३५१८.
रू.५० लाख देखि माथी	७	६००८४८९६.
जम्मा	११३	१२८००७४२७

५.४५ **खरिद योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.१२ करोड ८० लाख ७ हजार पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना

नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ ।

५.४६ **लक्ष्य प्रगति**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिकप्रगति स्थिति					
		शून्यप्रगति	१-२५%	२५-५०%	५०-७५%	७५-१००%	कुल खर्च
२२५२२	१७२	४७	८	५	९	१०३	३८३१४६४०
३११००	१३१	१८	२	३	७	१०१	१२८००७४२७
जम्मा	३०३	६५	१०	८	१६	२०४	१६६३२२०६७

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ३०२ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने ६५ योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या २०४ रहेको छ।
- शुन्य प्रगती हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वियन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ ।
- ३०२ योजना मध्ये बाहेक २३८ योजना तथा कार्यक्रममा रू.१६ करोड ६२ लाख २२ हजार खर्च गरेको छ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न पालिकाको ध्यान दिनुपर्छ ।

५.४७ **मर्मत सम्भार खर्च**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रिया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसैगरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा देहाय अनुसार सवारी साधनमा रहेकोमा सवारी साधनहरुको मर्मतमा रू.११,३२,६१० खर्च गरेको छ। Public Asset Management System (PAMS) को पूर्ण रुपमा प्रयोग गरी मर्मत खर्च गर्दा तोकिएका फारमहरुको प्रयोग गरी मर्मत खर्चलाई मितव्ययी र व्यवस्थित बनाउने तर्फ पालिकाको ध्यान दिनुपर्छ।

५.४८ **विविध खर्च**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शिर्षकमा रू.९९,७८,८३२ खर्च गरेको छ। विविध खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानु पर्दछ।

५.४९ **मसलन्द तथा कार्यालय सामग्री**- सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने

व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू.६८,६९,१११ को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

५.५० **तलवी प्रतिवेदन** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष पालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रू.१६,३०,४७,०५३.८७ तलव खर्च लेखिएकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

५.५१ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाबाट प्राप्त विवरण अनुसार कुनै कार्याविधी नबनाई कार्यपालिकाको निर्णयबाट रू.२३९०२५५ आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. २५,९९,१३४.६२ को ९१.९६ प्रतिशत हुन आउँछ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

५.५२ **घर भाडा**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नि यम ३९(१०) रीत पुगे वा नपुगेको जाँच भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले कार्यालय प्रयोजनका लागि घर भडामा लिई रू.३६४२००।०० भुक्तानी भएको देखियो। यस पालिकाले आफ्नो कार्यालयको भवनहरु पर्याप्त हुँदाहुँदै पनि विभिन्न घर भाडामा लिई खर्च गरेको मनासिव देखिएन। यस्तो खर्चलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

६ आन्तरिक आयतर्फ

६.१ **आय अनुमान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्थाछ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. २९,९९९२५ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८१।८२ मा रू. २५९९१३४।६२ अर्थात् अनुमान भन्दा १३।३६ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

६.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
७,३९,३४,४२९.००	२५,९९,१३४.६२	३.५२ %

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३।५२ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

६.३ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र असुली

स्थिति निम्नानुसार रहेको देखिन्छ।

आ.व.	आय अनुमान	संकलित रकम	प्रतिशत
२०७९/८०	३३,५०,०००.००	२२,९९,३०८.६०	६८.६४
२०८०/८१	३५,५०,०००.००	४६,०८,२१२.१६	१२९.८१
२०८१/८२	२९,९९,९९७.३७	२५,९९,१३४.६२	८६.६४

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आ.व. २०७९/८० मा रु. ३३,५०,००० आय अनुमान गरिएकोमा रू. ३३,५०,००० अर्थात ६८.६४ प्रतिशत संकलन भएको छ, त्यसै गरी आ.व. २०८०/८१ मा रू. ३५,५०,००० आय अनुमान गरिएकोमा रू. ४६,०८,२१२.१६ अर्थात १२९।८१ प्रतिशत संकलन भएको देखिन्छ। आ.व. २०८१/८२ मा रू.२९,९९,९९७.३७ आय अनुमान गरिएकोमारू. २५,९९,१३४.६२ अर्थात ८६।६४प्रतिशत) आय प्राप्त भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आयको विश्लेशण गर्दा पहिलो वर्षको तुलनामा दोस्रो वर्ष बढेता पनि तेस्रो वर्षमा घट्दो क्रममा देखिन्छ। पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको अंश न्यून रहेको देखिन्छ। अत: पालिकालेआफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

६.४ **कर तथा शुल्क असुली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

क्र.स.	आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
१	सम्पती कर	४००००	०	०
२	भुमिकर/मालपोत	४०००००	२९३४६९	७३
३	वहाल कर	२०००००	४५४१२	२३
४	व्यवसायले भुक्तानी गर्ने	५००००	०	०
५	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	५००००	६००	१
६	अन्य कर	४०००००	१६८८६३	४२
७	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१०००००	१७८२००	१७८
८	परीक्षा शुल्क	१०००००	१०००	१
९	अन्य प्रशासनिक सेवा शुल्क	२०००००	१९९३८५	१००
१०	नक्सापास दस्तुर	१००००	०	०
११	सिफारिश दस्तुर	३५००००	३८२९५०	१०९
१२	व्यक्तिगत घटना दर्ता दस्तुर	३०००००	३५८०६०	११९
१३	नाता प्रमाणित दस्तुर	४९९९७	५७४००	११५
१४	अन्य दस्तुर	१०००००	३१६७०	३२
१५	व्यावसाय रजिष्ट्रेशन दस्तुर	३०००००	४७८२६०	१५९
१६	न्यायिक दण्ड जरिवाना र जफत	५००००	०	०
१७	प्रशासनिक दण्ड जरिवाना र जफत	१०००००	३३७००	३४
१८	व्यवसाय कर	१०००००	०	०
१९	बेरूजू	१०००००	३६५१६५	३६५
जम्मा		२९९९९९७	२५९४१३५	८६

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

६.५ **व्यवसाय कर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू. ४७८२६०।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

६.६ **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/८२ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

६.७ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

६.८ **प्रदेश कानूनको कार्यान्वयन** - अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची-३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउन सक्ने व्यवस्था छ। साथै ऐनको अनुसूची-३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नु पर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। कमसेकम प्रदेशले तोकेको दर सम्म असुल गर्ने राजस्व संकलन नीति कार्यान्वयन ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाको ध्यान दिनुपर्दछ।

६.९ **ढिला राजस्व दाखिला गरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गतका अधिकांश वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव १५ दिन देखि १ महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखियो।यस सम्बन्धमा भौगोलिक विकटता र सबै स्थानमा सहज बैङ्किङ् पँहुच नभएको कारणले समयमा राजस्व दाखिला हुन नसकिएको प्रतिक्रीया प्राप्त भएता पनि कानुनको पालनामा पालिकाको ध्यान जानुपर्दछ।

६.१० **विज्ञापन कर**- नेपालको संविधानको अनुसूची-९ को बुँदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्स्टाग्राम जस्ता विद्युतीय सञ्जाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। सामाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुला समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनुपर्दछ।

७ बैठक भत्ता

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसुची-१(क) मा गाँउ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष र गाँउ कार्यापालिका सदस्यको सुविधा सम्बन्धि व्यवस्था छ। जसमा बैठक भत्ताको हकमा एक महिनामा बढीमा २ वटा बैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ। श्रावण महिनामा कार्यापालिका बैठक नबसि बैठक भत्ता भुक्तानी भएकोमा देहायका पदाधिकारीहरुबाट असुल गर्नुपर्दछ।

क्र.सं.	नाम	श्रेणी/तह/पद	बैठक भत्ता
१	दिलबहादुर रावत	अध्यक्ष	२,०००.००
२	विशु देवी नाथ	उपाध्यक्ष	२,०००.००
३	बिर बहादुर रावल	वडा अध्यक्ष १	२,०००.००
४	भक्त बहादुर बुढा	वडा अध्यक्ष २	२,०००.००
५	बिर्क बहादुर रावत	वडा अध्यक्ष ३	२,०००.००
६	दल ब धामी	वडा अध्यक्ष ४	२,०००.००
७	जित ब. रावत	वडा अध्यक्ष ५	२,०००.००
८	हर्क बिष्ट	वडा अध्यक्ष ६	२,०००.००
९	खगेन्द्र बहादुर रावत	वडा अध्यक्ष ७	२,०००.००
१०	पानसरा देवि लुहार	कार्यपालिका सदस्य	२,०००.००
११	धर्मा कुमारी बुढा	कार्यपालिका सदस्य	२,०००.००
१२	भिम बहादुर नेपाली	कार्यपालिका सदस्य	१,०००.००
१३	महाकला देवि रोकाया	कार्यपालिका सदस्य	१,०००.००
जम्मा			२४,०००.००

असुल गर्नुपर्ने	२४,०००

८ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्येसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा ६५ कर्मचारीहरु करारमा राखी रू. १,४२,९०,१५८.५६ खर्च लेखेको छ साथै दरबन्दी बेगरका करार कर्मचारीरु १४ जना राखि रु.४७७७९३२ खर्च गरेको छ।।उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएका देखिएन। साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो। कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

अनियमित भएको	४७,७७,९३२

९ **फछ्र्यौट नभएको आन्तरिक लेखापरीक्षण व्यहोरा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले ल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ। यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगावै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिवेदनमा निम्न अनुसार कायम गरीएको छ:

९.१

क) वढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा विल भरपाई अनुसार मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस सम्बन्धमा देहायका बेहोरा देखिएका छन । वढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु			
क्र.सं.	**गो.भौ.नं.र मिति**	**बेहोरा**	**असुल गर्नुपर्ने रू.**
१	७,३९-२०८१।०५।२८	प्रमुख प्रशाकीय अधिकृत नन्दकृष्ण पाध्यायको नाममा भ्रमण खर्च , विभिन्न आयल स्टोरको बिलसंगै रु.११,८००।०० को बिल बढी भुक्तानी भएको देखिन्छ । बिल बेगरको उक्त रकम निजबाट असुल हुनुपर्ने रु.	११८००
२	५५-२०८१।०६।	गाडी ड्राईभर दिनेश बहादुर रावत नाममा भुक्तानी भएको विजक न. १८ चिरन्जिवी आयलस्टोरको मिति २०८१।०४।१५ मा रु. १३,११९।००, त्यस्तै प्र.प्र.अ नन्द कृष्ण पाध्यायले सोही दिन सरोज ओयल स्टोरको रु. १३,६७०।०० को बिल पेश गरी दुबै जनाको खातामा रकम भुक्तानी भएको देखिन्छ । गाउँपालिकाले यकिन गरी सम्बन्धितबाट दोहोरो भएको रकम असुल हुनुपर्ने रु.	१३११९
३	२१५-२०८१।१०।०२	छेडेदह स्पोर्ट्स क्लबलाई रू. ८,००,०००।०० भुक्तानी भएकोमा सम्झौता पत्र अस्पष्ट (कुन कुन शीर्षकको लागि गाउँपालिकाबाट छुट्याईएको रकम भुक्तानी गर्ने प्रष्ट नभएको) बिल भर्पाईहरु अपूर्ण (पुरस्कार बितरण लगायतको कागजातहरु पेश नभएको) पुरस्कार वितरणमा कर कट्टि गर्नुपर्ने रू.१,२५,०००।०० छेडेदह स्पोर्ट्स क्लबबाट असुल गर्नुपर्ने रु.	१२५०००
४	६००-२०८२।०३।१६	युवा लक्षित कार्यक्रम रमेश रावतको वडा न. १ र २ मा गरेको कार्यक्रममा उपस्थितिमा खाजा खर्च उपस्थिति वाहेकको थप रकम रू. १०,०००।०० को बिल बढी भुक्तानी भएको (बिल नं. ८८८०) छ । उक्त रकम रमेश रावतबाट असुल गर्नुपर्ने रु.	१००००
५	६६९-२०८२।०३। २३,६९५-२०८२।०३।२४	गो.भौ.नं.५६९ सुभेन्द्र जनरल स्टोरलाई गाउँपालिकाबाट रू. ३८३ लि. को कुपन जारी भएको तर ४०८ लि.को बिल पेश गरी निजको मुल्य दर अनुसार रू. ४,१८७।०० बढी भुक्तानी भएको छ । त्यस्तै गोभौन. ६९५ मा कार्यालयबाट जारी गरिएको कुपन डिजेल पेट्रोल २३० लि. तर २७९ लि.को बिल अनुसार रू. ९,८००।०० बढी भुक्तानी भएको छ । दुबै बिलको गरी रू. १३,९८७।०० सुभेन्द्र जनरल स्टोरबाट असुल हुनुपर्ने रु.	१३९८७
जम्मा			१७३९०६

असुल गर्नुपर्ने	१,७३,९०६

९.२

ख) खर्च पुष्ट्याईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावली २०७७ को नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देहायका बेहोरा देखिएका छन । यी बेहोराका सम्बन्धमा खर्चका पुष्ट्याई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

क्र.सं.	गो.भौ.नं.र मिति	बेहोरा	प्रमाण पेश गर्नुपर्ने रू.
१.	११७-२०८१।१०।०९,१५८-२०८१।१०।१५, २०७-२०८१।११।०१, ४४१-२०८२।०२।१४ ६९३-२०८२।०३।२४	गो.भौ.न. ११७ मोटरसाईकल मर्मत बिल रु. २४,१०।०० PAMS दाखिला तथा मर्मत आदेश संलग्न नभई न्यू रिदम अटोरिपेरिङलाई भुक्तानी भएको छ । गो.भौ.न. १५८ मामेशिनरी औजार मर्मत संभार तथा संचालन खर्च भुक्तानी रु. ३२,५००।०० मर्मत आदेश स्वीकृत नभएको एवं गोभौन. २०७ प्रहरी चौकी डोगडीको मोटरसाईकल मर्मत रु. १७,७३०।०० मर्मत आदेश तथा मर्मत अभिलेख नरहेको तथा गो.भौ.न. ४४१ दिनेश बहादुर रावतको नाममा गाडी मर्मत खर्च भुक्तानी रू.३७,५२५।०० मा मर्मत आदेश तथा मर्मत अभिलेख नभएको, गो न. ६९३ भिम ल्याण्ड अटोसेन्टरबाट रु. १,५९,६५०।०० को मर्मतको बिल भुक्तानी गरेकोमा नयाँ गाडीमा मर्मत सामग्री आ नपर्ने एकीन गरी सक्कल बिल पेश गर्नुपर्ने समेत रु	२७१५०५
२	४४२-२०८२।०२।१४,४८१-२०८२।०२।२७, ५०५-२०८२।०३।०६,५३९-२०८२।०३।०९, ५५८-२०८२।०३।१२,५५२-२०८२।०३।११,५९६-२०८२।०३।१६	गो. भौ.न. ४८१ मा चक्र बहादुर थापाले मिति २०८१।०७।०१४गते थापा एग्रोभेटबाट खरिद गरेको सामाग्रीमा खरिद आदेश तथा दाखिला रिपोर्टसंलग्न नगरी रू. ९८,२७० को रकम २०८२।०२।१४ गते भुक्तानी । गोभौन. ४८१ चक्रबहादुर थापाले थापा एग्रोभेट बाट रु. ५४,०७०। को सामाग्री खरिद,गोभौन. ५०५ वडाविपत् व्यवस्थापन शिर्षकबाट वडा न. ४ मा रु. ९९,०००। को सामाग्री खरिद गरिएको ।गोभौन. ५३९ सञ्जिवनी बहुउद्देश्यिय कृषक समुह बाट रू. ४७,५०० को बिउ खरिद ।गोभौन. ५५८ वडा न. ६ ले न्यु दिनेश ट्रेडर्श एण्ड सप्लायर्श बाट विपत्व्यवस्थापन सामाग्री रू. १,००,०००। खरिद । गोभौन. ५५२ वडा न. २ ले के ऐन्हार्डवेयर एण्ड सप्लायर्शबाट विपत्व्यवस्थापन सामाग्री रू. ९९,२८०। को खरिद ।गोभौन. ५९६ शिक्षा शाखाबाट स्थानीय तह पाठ्यक्रम निर्माण र पुनः छपाई शीर्षकबाट रू. १,०८,७१० मिश्रा प्रिन्टर्श बाटखरिद । जम्मा रकम रू.६,०६,८३०।	६०६८३०
३	६०३-२०८२।०२।१६।, ६१६-२०८२।०३।१२,६१७-२०८१।०३।१७, ६८४-२०८२।०३।२४	वडा न. ६ को विनियोजित बजेटबाट रू. १,२२,८००।०० को बिउ खरिद गरेको PAMS मा खरिद आदेश तथा दाखिला नभएको तथा गोभौन. ६१६ वडा नं. ७ मा बालबालिका लक्षित कार्यक्रमका लागि रू.५९,९३५।०० को सामग्री खरिद गरिएको PAMS मा खरिद आदेश तथा दाखिला नभएको । गो भौन. ६१७ वडा विपद व्यवस्थापन शीर्षकबाट वडा न. ५ मा रु. १,८९,९८२।०० को सामग्री खरिद गरेकोमा PAMS मा खरिद आदेशतथा दाखिला नभएको । गोभौन.६८४ वडा न. ४ को गुदुखाती स्वास्थ्य चौकीबाट बद्री सुनारले रू. ४८,०००।०० ल्याब सामाग्री खरिद गरेकोमा PAMSमा खरिद आदेश तथा दाखिला प्रतिवेदन नभएको रु	४२०७१७
जम्मा			१२९९०५२

प्रमाण पेश नगरेको	१२,९९,०५२

९.३

ग) नियमको पालनाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ दफा २५ र नियमावली २०७७ कोनियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका खर्च गर्दा नियमको पालना गरेको पाइएन । यस्ता खर्च गाउँपालिकाले नियमित गर्नुपर्ने रु....			
क्र.सं.	**गो.भौ.नं.र मिति**	**बेहोरा**	**अनियमित भएको रकम रू.**
१	१७५-२०८१।१०।२०	कार्यालयको जिम्मेवार पदाधिकारी वा खेलकुद समितिको नाममा भुक्तानी हुनुपर्नेमा राष्ट्रपति रनिङ शिल्डको लागि व्यक्तिको नाममा रू. ५,००,०००।०० पेश्की दिई खर्च लेखेको रु.	५०००००
२	३६६-२०८२।०१।०८,४९४-२०८२।०२।२८,५३२-२०८२।०३।०८,५८६-२०८२।०३।१४, ५९२-२०८२।०३।१४,६८५-२०८२०३।२५,६७८।२०८२।०३।२४	सार्बजनिक खरिद नियामावली २०६४ अनुसार सम्झौता पत्र अस्पष्ट(सिसि १४०००) राखी खर्च लेख्न नहुनेमा देहाय अनुसार गो. भौ.न. ३६६ बाट शालिन मल्टिमिडिया एण्ड एड्भर्टाज्मेन्टलाई रू. २,३२,४६०।००, गो.भौ.न. ४९४ मा सिद्धि बिनायक एडभरटाईज्मेन्टलाई रू.१,३१,१५०।००, गोभौन. ५३२ मा आरोही मिडियालई रु. ४६,९८५ भुक्तानी, गो भौन. ५९० मा भर्चुवल मिडियालाई रू.२,२२,३०५। भुक्तानी, गोभौन. ५९२ डिजिटल ईन्क मिडिया प्रालिलाई रू.५८,२१०।००, शालिन मलटिमिडियालई रू.९२,४४०।००, त्यस्तै, गोभौन. ६७८ माडिजिटल ईन्क मिडिया प्रा.लि.लाई रू.१,८४,१९५।, नमस्ते क्रेशन एण्ड एड्भरटाईज्मेन्टलाई रु. ९८,१०५।००, बहार मिडिया प्रा.लिलाई . रू. ३,७८,२४०।०० भुक्तानी गर्दा संझौता अस्पष्ट रहेको रु	१३९७१०५
३	१५४-२०८२।०३।२४	सार्बजनिक खरिद नियामावली २०६४ को नियम ८२ मा ५ लाखभन्दा बढीको परामर्श सेवा खरिद गर्दा सार्बजनिक निकायका प्रमुख आफै नभई एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । गाउँपालिकाका विभिन्न योजना तथा कार्यक्रमहरूको सम्भाब्यता अध्ययन अनुसान्धान, डीपिआर तथा सर्वेक्षण कार्यक्रमबाट टिडिआर ईन्जिनियरिङ्लाई रु. ९,४२,६४२।०० भुक्तानी भएको देखिन्छ । जहाँ देखिएको कैफियतहरू क्रमशःस्टिमेट ,मुल्यांकन निर्णयमा ईन्जिनिरयको दस्तखत, अवण्डा बजेटमा कार्यापलिकाको निर्णय, प्रतिवेदन तथा टिप्पणी विना नै भुक्तानी गरेको रु.	९४२६४२
जम्मा(अ)			**२८३९७४७**

गाडी भाडाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ दफा २५ र नियमावली २०७७ कोनियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहाय अनुसार गाडी भाडा खर्च लेख्दा नियमको पालना गरेको पाइएन । यस्ता खर्च गाउँपालिकाले नियमित गर्नुपर्ने रु....			
क्र.सं.	**विवरण**	**खर्च रु.**	**भुक्तानी पाउनेको नाम**
१.	वडाध्यक्ष बिर्क बहादुर रावतलाई मिति २०८१।०४।०१ मा धनगढी गएको भनी गाडी रिजर्वको रु.२०,०००।	२००००	बिर्क बहादुर रावत

	०० भुक्तानी भएकोमा वडाध्यक्षलाई गाडी रिजर्व सुविधा ऐन अनुसार नदेखिएको रु		
२.	वडा न. २ का वडाध्यक्ष, वडा न. १ का वडाध्यक्ष तथा कार्यपालिकाका सदस्य लगायतको टोली कार्यपालिकाको बैठकमा आएको भनी रु. १८०००।००	१८०००	राजेन्द्र बहादुर बुढा
३.	वडा न. ५ का अध्यक्ष श्री जित बहादुर रावत वडा न. २ गएको गाडी रिजर्व रू.१८,०००। र वडा न. ४ गएको भनी रु. ४०००।०० समेत रु	२२०००	हरित रावत
४.	स्वास्थ्य संस्थाको सामग्री धनगढीबाट डोगडी ल्याएको भनिएको कुन सामग्री कुन मितिमा कति थान ल्याएको वा पुर्याएको हो विवरण नभएको र जिम्मेवार पदाधिकारीको दस्तखत नभएको रु. ३६,०००।००	३६०००	हरित रावत
५.	वडा न. ७ का अध्यक्ष खगेन्द्र बहादुर रावत र वडा सदस्य भिम बहादु रखड्का वडा कार्यालयको कामकाजको लागि मार्तडी गएको भनी रु. १४०००।००, वडा न. १ का अध्यक्ष र वडा न. २ का अध्यक्ष मार्तडी गएको भनी रु.७,०००।००, वडा न. ६ का वडाध्यक्ष श्री हर्कबिष्ट मार्तडी गएको भनी रु. ७,०००।०० समेत रु	२८०००	सुरेन्द्र नाथ
६.	वडा न. १ का वडाध्यक्ष श्री बिर बहादुर रावल र वडा न. २ का अध्यक्ष श्री भक्त बहादुर बुढा गाउँ कार्यपालिकाको बैठकमा सहभागी हुन आएको भनी गाडी रिजर्ब रु.१०,०००।०० (२०८१।०९।१६), वडा न. १ का वडाध्यक्ष श्री बिर बहादुर रावल रू. १०,०००। (२०८१।०८।२०), वडा न. १ का वडाध्यक्ष श्री बिर बहादुर रावल र वडा न. २ का अध्यक्ष श्री भक्त बहादुर बुढा, कार्यपालिका सदस्य सिर्जना बि.क रू.१०,०००। (२०८१।११।०१), वडा न. १ का वडाध्यक्ष श्री बिर बहादुर रावल रु. १०,०००।(२०८१।१०।०९), वडा न. १ का वडाध्यक्ष श्री बिर बहादुर रावल रु १०,०००।(२०८१।१०।२८), वडा न. १ का वडाध्यक्ष श्री बिर बहादुर रावल रु१०,०००।(२०८१। ०८।०५), वडा न. १ का वडाध्यक्ष श्री बिर बहादुर रावल रु १०,०००।(२०८१।१०।२४) समेत रु	८००००	महेन्द्र रोकाया
७.	वडा न. ४ का वडाध्यक्ष श्री दल बहादुर धामी तथा पदाधिकारीलाई वडा न. २ पुऱ्याएको भनी रु.१६,०००। ००, वडा न. ५ का वडाध्यक्ष श्री जित बहादुर रावतलाई मार्तडी रिजर्व भनी रु. ५,०००।००, अनुगमनमा गएको भनी रु. ८,०००।(को गएको हो नखुलेको),गा.पा सामग्री र ५ न. वडाका वडाध्यक्ष श्री जित बहादुर रावत मार्तडीबाट डोगडी भनी रू.५०००।००, कार्यपालिका सदस्य भिम नेपाली गाउँपालिकासम्म रु.३,०००।, वडान.१ र वडा न. २ का अध्यक्षलाई कहाँ पुर्याएको हो नखुलेको र सम्झौता पत्रमा दस्तखत नभएको रु. १२,०००।०० समेत रु	४९०००	लक्ष्मी कुमारी रावत
८.	प्र.प्र.अ. नन्द कृष्ण पाध्यायलाई मिति उल्लेख नगरी मार्तडी पुर्याएको भनी रु. १६,०००। र २ पटक धनगढी पुर्याएको भनी रु. ३८,०००। सुभद्रा जनरल	५४०००	सुभद्रा जनरल स्टोर

	स्टोरको नाममा भुक्तानी भएको, काम वा मिति र सम्बन्धित सरोकारवालाको दस्तखत नभएको समेत रु		
जम्मा (आ)		३०७०००	
कुल जम्मा(अ+आ)		**३१४६७४७**	

अनियमित भएको	३१,४६,७४७

१० **PAMS दाखिला**

भौ.नं. २९८ मिति २०८१।१२।११ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७८ अनुसार सवै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तिको लेखाकंन प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ प्रदेशका सवै कार्यालयहरू एवं सवै स्थानिय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आर्थिक वर्ष २०७७।७८ देखि अनिवार्य रूपमा लागु गर्नुपर्ने निर्णय भएमा कार्यालयले Dell i5 8GB/512 SSD, 13th gen खरिद गरि जिन्सी सामान उक्त प्रणालीमा पुर्ण स्पेशिफिकेसन खुल्ने गरि प्रविष्टि गरेको छैन। सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्न खरिद भएका सवै जिन्सी सामाग्रीहरू अनिवार्य रूपमा PAMS मा पुर्ण स्पेशिफिकेसन खुल्ने दाखिला गर्नुपर्दछ।

११ **कृषि तर्फ**

११.१ **हरित विद्यालय कार्यक्रम(श्री मष्टेश्वरी मा वि वडा नं ५)** - हरित विद्यालय कार्यान्वयन कार्यविधि, २०८० को बुँदा नं. ८ को २ मा स्थानीय तह र विद्यालयबीच भएको सम्झौता अनुसार विद्यालयले कार्यक्रम सञ्चालन गर्नेछ र सम्झौतामा उल्लेखित शर्तको आधारमा विद्यालयलाई सम्बन्धित स्थानीय तहले कार्यसम्पादनका आधारमा बजेट निकासा गर्नेछ भन्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।साथै ऐ ऐ नियमावलीको नियम ४१ (ख)मा सरकारी रकम खर्च गर्दा सनिश्चित हुनुपर्ने विषयमा आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको यकिन गर्नुपर्ने व्यवस्था छ। श्री मष्टेश्वरी मा.वि. र पालिका बीच मिति २०८१ फागुन ६ गते भएको सम्झौताको शर्त नं १ मा आयोजना मिति २०८१ फागुन ८ गते देखि सुरू गरी मिति २०८२ असार १० सम्ममा पुरा गर्नुपर्ने उल्लेख छ। विद्यालयले सम्झौता मिति भन्दा पछाडी असार १४ र १५ गते २ दिने पोषण शिक्षा र हरित विद्यालय सम्बन्धि जनचेतना अभिवृद्धि तालिम सञ्चालन गरी रू ८६५५० खर्च गरेको देखिन्छ।यसरी निर्धारित समयमा कार्य सम्पादन नगर्दा लाभ लागत प्रभावकारिता घटेर जाने जोखिम बढ्छ।जसबाट उक्त कार्यक्रमका लागि भएको खर्चको औचित्य पुष्टि हुने आधार देखिएन।तसर्थ पालिकाले सम्झौता अनुसार निर्धारित समयमै नियमितता र औचित्यता सुनिश्चित हुने गरी कार्य सम्पादन गर्न ध्यान दिनुपर्छ।

११.२ **किसान सूचीकरण-** किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को दफा ७ मा किसान सूचीकरणको अभिलेख प्रमाणिकरण सम्बन्धित स्थानीय तहको वडा समिति मार्फत हुने व्यवस्था छ। गो.भौ.नं. १८१/ २०८२।३।१० बाट रू. ९९ हजार २५० रकम खर्च भएको देखिन्छ।उल्लेखित खर्च गरी सञ्चालित कार्यक्रम अनुसार पालिकाबाट सूचीकरण गरिएका किसानको वडा समितिबाट अभिलेख प्रमाणिकरण भएको देखिएन। साथै कुन आ.व. मा कति किसान सूचीकरण भए भन्ने स्पष्ट अभिलेख भिडेन। तसर्थ पालिकाबाट सूचीकृत किसानको वडा समितबाट अभिलेख प्रमाणिकरण गर्नुपर्छ। साथै प्रत्येक आ.व. अनुसारको सूचीकृत किसानको विवरण स्पष्ट देखिने गरी अभिलेख राख्नुपर्छ।

१२ **सक्कल बिल बिजक बेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले देहायका भुक्तानीहरु सक्कल बिल बेगर भुक्तानी गरेको छ जसबाट खर्चको यथार्थता तथा सार्वजनिक कोषको सदुपयोग भएको सुनिश्चित हुन सकिदैंन। यसर्थ, सक्कल बिल पेश हुनुपर्ने रू

क्र.सं.	गो भा नं.	विवरण	रकम	बिजक नं.
१	३३६-२०८१।१२।१४	सुदूरसंसार मिडिया प्र.लि.	३००००	३५
२	४४१-२०८२।२।१४	कैलाली टायर हाउसबाट २ थान टायर खरिद	३५०००	१०९९
३	६९३-२०८२।३।२४	भिमल्याण्ड अटो सेन्टरबार एम्बुलेन्स मर्मत	१६१८००	३०
जम्मा			२२६८००	

प्रमाण पेश नगरेको	२,२६,८००

१३ लागत अनुमान बेगर खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्यको हकमा बाहेक एक लाख भन्दा माथिको खरिद कार्य गर्न लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिका विभिन्न मितिमा देहायबमोजिमका खरिद कार्य गर्दा लागत अनुमान तयार गरेको देखिएन। यसर्थ पालिकाले नियमानुसार लागत अनुमान बनाइ खरिद कार्य गर्नुपर्दछ।

क्र.सं.	भौ.नं. र मिति	प्रयोजन	रकम	कैफियत
१	१८४-२०८१।१०।२२	मसल्नद तथा कार्यालय सामग्रि खरिद	७३३०००	
२	१८६-२०८१।१०।२३	मसल्नद तथा कार्यालय सामग्रि खरिद	२२८९००	
३	२१५-२०८१।११।२	खेलकुद कोष स्थापना शिर्षकबाट जे.बि मल्टिप्रपोज लाई खेलाडीको जर्सि, मेडल आदि खरिद	१५३८६८	कोटेसन नलिई सोझै खरिद गरेको
४	२१५-२०८१।११।२	खेलकुद कोष स्थापना शिर्षकबाट छेडेदह स्पोर्टस् क्लबलाई ट्र्याक सुट र फुटबल जुता खरिद	१०६७२९	बुझेको भर्पाई पेश नभएको
६	२६४-२०८१।१२।३	मिश्रा प्रिन्टर्सबाट गा पा को वार्षिक परिक्षा संचालन गर्न उत्तर पुस्तिका र प्रश्न पत्रको छपाई	३५०७६०	कोटेसनबाट खरिद गरेको
७	२७४-२०८१।१२।५	जि.बि. मल्टिप्रप्रोजबाट मसलन्द खरिद	२४९९००	
८	२८०-२०८१।१२।५	ईन्दु ट्रेडर्सबाट बायोमेट्रिक डिभाइस खरिद	१२२६०५	
९	२९८-२०८१।१२।११	कृतिक ट्रेडर्स एण्ड सप्लायर्सबाट मसलन्द तथा कार्यालय सामग्री खरिद	१८७७२१	
१०	३१०-२०८२।१।९	सुत्केरी कोशेली कार्यक्रम अन्तर्गत २५० थान ब्लेङ्केट खरिद	३५६३७३	
११	३७८-२०८२।१।११	राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा ट्र्याकसुट खरिद	१२४३००	भर्पाई पेश नभएको
१२	४१५-२०८२।१।२९	कालाजग्रा मिडिया हाउसबाट कक्षा १-३ मुल्याङ्कन किताब छपाई	३०३०००	
१३	५४९-२०८२।३।१०	बालबिकास आ.वि शैक्षिक प्रवर्द्धन अन्तर्गत जयबेताल स्टेशनरी एण्ड सप्लायर्सबाट मसलन्द खरिद	३५४०००	
१४	५७७-२०८२।३।१३	एन्जिला ट्रेडर्स एण्ड सप्लायर्सबाट मसलन्द तथा कार्यालय सामग्री खरिद	१०५३२२०	
१५	५७८-२०८२।३।१३	एक वडा एक उत्पादन अन्तर्गत R.B. Agravate center बाट बिउबिजन खरिद	१५४५००	कोटेसन नमागी खरिद
१६	६३६-२०८२।३।२१	लाल फेन्सी स्टोरबाट जेष्ठ नागरिक सम्मान कार्यक्रममा ब्लेङ्केट खरिद	३३०५२५	
		कृतिक ट्रेडर्स एण्ड सप्लायर्सबाट मसलन्द खरिद	२६७४७१	
		जे बि मल्टिप्रपोजबाट मसलन्द खरिद	१९३२३०	

१४ एम.वि.वि.एस. अध्ययन छात्रवृत्ति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।पालिकाले एम.बि.बि.एस अध्ययनरत विद्यार्थी लक्षित छात्रवृति मा

BALLB पढ्ने विरेन्द्र विष्ट र आचार्य पढ्ने शुभराज जोशी रू.७०००० का दरले जम्मा रू.१४०००० छात्रवृति प्रदान गरेको छ साथै आचार्य पढ्ने विद्यार्थीले पढ्ने संस्थाको नाम र स्थान खुल्ने विवरण पेश नभएकोले एकिन गर्न सकिएन। पालिकाले सम्बन्धीत शीर्षकमा छुट्याएको रकम असम्बन्धीत शीर्षकमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१५ सूचना प्रशारणमा नियमको पालना

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ । यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन । पालिकाबाट विज्ञापन तथा सूचना प्रशारण बापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु.

सि.नं.	नाम	कर लाग्ने रकम	३ प्रतिशत हुने रकम
१	सिद्धिविनायक एडभरटाईजिङ प्रा.लि.	१५९९५५	४७९९
२	भर्चुअल मिडिया प्रा.लि	२११०५०	६३३२
३	शालीन मल्टीमिडिया एण्ड एडभरटाइजमेन्ट	२३६०००	७०८०
४	बहार मिडिया प्रा.लि	३४०२००	१०२०६
जम्मा			२८४१६

प्रमाण पेश नगरेको	२८,४१७

१६ मु.अ. कर कट्टि

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मुअकर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि मुअकर रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत कट्टी गरी दाखिला गरेको नदेखिएकोले सम्बन्धित आपुर्तिकर्ता वा निर्माण व्यवसायीबाट मु.अ. कर समायोजन पत्र पेश गर्नु पर्दछ।

भौ न तथा मिति	**मु अ कर भुक्तानी प्राप्त गर्ने**	**खरिद गरिएको वस्तु तथा सेवा**	**भुक्तानी भएको मु अ कर रकम**
५७७-२०८२।३।१३	एन्जिला ट्रेडर्स एण्ड सप्लायर्स	मसलन्द तथा कार्यालय सामग्री	१३६९१९
५४९-२०८२।३।१०	जयबेताल स्टेशनरी एण्ड सप्लायर्स	वालविकास आ वि शैक्षिक प्रवर्द्धन कार्यक्रमका सामग्रीहरु	४६०२०
जम्मा			१८२९३९

प्रमाण पेश नगरेको	१,८२,९३९

१७ उपभोक्ता समितिबाट निर्माण

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउन सकिने व्यवस्था छ । गाउँपालिकाले उपभोक्ता समितिबाट गरेको खरिद कार्यको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

१७.१ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

१७.२ **उपभोक्ता समिति मार्फत कार्य-** सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता वृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउनेउल्लेख छ। पालिकाले सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैंन। यस्तो अवस्थामा उपभोक्ता समितिको नामबाट भएका विभिन्न बैठक तथा सार्वजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

१७.३ **उपभोक्ता समितिबाट निर्माण**-सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्ने उल्लेख गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा पालिकाले ६५ उपभोक्ता समितबाट रू. २८९६७१२३.५४बराबरको निर्माण कार्य गरेको देखिन्छ । धेरैजसो उपभोक्ता समितिले नहर निर्माण कार्य, मेशिनरी कार्य, ग्याविनको कार्य तथा भवन निर्माण, कम्पाउन्ड वाल निर्माण जस्ता जटिल प्रकृतिका कार्य गर्ने गरेको र उक्त निर्माण कार्य ल्याव परीक्षण नहुने हुदाँ गुणस्तर कायम हुन नसक्ने देखिन्छ। नियमावलीले गरेको व्यवस्था वमोजिम जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिबाट नगर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१७.४ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, ओभरहेड टंकी, ढलान सडक, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यसमेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य गर्दा उपभोक्ता समितिबाट निर्माण भएको कामको गुणस्तर परीक्षण समेत नगरेकोले उपभोक्ता समितले गरेको काम गुणस्तर छ भन्न सकिने अवस्था छैन। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीक फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

काम को विवरण	उपभोक्ता समितिको नाम	कार्यालय लेव्यहोरेको रकम रु.	उपभोक्ता समितिले व्यहोरेको रकम रु.
ओखेडा बाटपालिमाणु निर्माण	ओखेडा बाटपालिमाणु निर्माण	९६०००	३०४४८
पातीखोला तटबन्धन	पातीखोला तटबन्धन	४६०५४८	९९०२९
काँडा दरबार मर्मततथा घेरबार योजना	काँडा दरबार मर्मततथा घेरबार योजना	९४५१५१	१६९०१२
वडा कार्यालय पछाडीमेसिनरी वाल पर्खाल निर्माण	वडा कार्यालय पछाडीमेसिनरी वाल पर्खाल निर्माण	३८४०००	९७८४५
२ न. वडा कार्यालयफिल्ड तथा घेराबार निर्माण	२ न. वडा कार्यालयफिल्ड तथा घेराबार निर्माण	१०५१६६३	२२७६८७
बार्जुगाड दोस्रो लघुजल विद्युत मर्मत	बार्जुगाड दोस्रो लघुजल विद्युत मर्मत	४३८१०३	७८३०९
धौल पुरी मन्दिरनिर्माण	धौल पुरी मन्दिरनिर्माण	३८११८८	६७८४४
घटाल माडु मन्दिरनिर्माण	घटाल माडु मन्दिरनिर्माण	४७००८७	९८०८१
बालविकास आ.बि शौचालयनिर्माण	बालविकास आ.बि शौचालयनिर्माण	५७०२२१	१०३३१५
मष्टेश्वरी मा.वि.पर्खाल निर्माण	मष्टेश्वरी मा.वि.पर्खाल निर्माण	७६७२८६	१९२६३६
मष्टेश्वरी मा.वि. माशौचालय निर्माण	मष्टेश्वरी मा.वि. माशौचालय निर्माण	४६०८६४	८६०७०
दशरथ मा बि शौचालयनिर्माण	दशरथ मा बि शौचालयनिर्माण	४७७७१४	१०४४७३

नियमावलीको व्यवस्था अनुरुप उपभोक्ता समितिलाई तोकिएको काम मात्र गराउनुपर्दछ

१७.५ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	प्रयोगगरेको हेभीउपकरण	हेभी उपकरणमा भएको खर्च
३२(२०८२।०१। ११)	सडक सरसफाई निर्माण उपभोक्ता समिति वडा नं. ५	सडक सरसफाई	व्याकहोइ लोडर	२४८३२४.०४
५३(२०८२।०१। २३)	सडक सरसफाई मर्मत सम्भार उपभोक्ता समिति वडा नं. २	सडक सरसफाई	व्याकहोइ लोडर	४६७०८६.४६
५४(२०८२।०१। २४)	समैज देखि बाहुन गाउँसम्म सडक सम्भार उपभोक्ता समिति	सडक स्तररोन्नती सरसफाई	व्याकहोइ लोडर	२४५१७६.२७
७१(२०८२।०२। २०)	सडक मर्मत वडा नं. ४ नि.उ.स.	सडक मर्मत र सरसफाई	व्याकहोइ लोडर	२०७४१०.१८
७७(२०८२।०२। २३)	सडक सरसफाई वडा नं. ७ नि.उ.स.	सडक सरसफाई	व्याकहोइ लोडर	१२२५३०.८५
९०(२०८२।०२। ३०)	सडक मर्मत सुधार तथा सरसफाई नि.उ.स. वडा नं. १	सडक सरसफाई	व्याकहोइ लोडर	४१७२८६.८२
९१(२०८२।०३। ३०)	सडक सरसफाई उ.स. वडा नं. ३	सडक सरसफाई	व्याकहोइ लोडर	१३७४००.१५

अत: पालिकाले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सम्भव हेभी मेशिनरी प्रयोग नगरि स्थानीय स्तरमा रोजगारी श्रृजना गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै हेभी मेशिनको प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्यमा सम्बन्धित प्राविधिकको सिफारिसमा कार्यपालिकाबाट सहमति लिएर मात्र कार्य सञ्चालन गर्नुपर्दछ।

१७.६ **हस्तान्तरण नहुने योजना** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा त्यस्ता कार्यको मर्मत सम्भार समेत उपभोक्ता समितिबाट गराउने गरी मात्र खरिद सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ।नमूना परीक्षणको क्रममा पालिकाले यस वर्ष सरकारी संरचनाको निर्माण तथा हस्तान्तरण गर्न नमिल्ने र उपभोक्ता समितिले मर्मत सम्भार नगर्ने देहाय बमोजिमा कार्य उपभोक्ता समितिबाट गराएको पाईयो। यसरी योजना निर्माण गरी उपभोक्ता समितिबाट खरिद कार्य गरेको नियमसंगत मान्न सकिदैन। यस्ता कार्यमा सुधार गर्नुपर्दछ।

काम को विवरण	उपभोक्ता समितिको नाम	कार्यालय लेव्यहोरेको रकम रु.	उपभोक्ता समितिले व्यहोरेको रकम रु.
पातीखोला तटबन्धन	पातीखोला तटबन्धन	४६०५४८	९९०२९
वडा नं १ सडक मर्मतसुधार तथा सरसफाई	वडा नं १ सडक मर्मतसुधार तथा सरसफाई	४२३१४४	१०५२७८
गाउघर किल्निक घेरबारनिर्माण	गाउघर किल्निक घेरबार निर्माण	९६०००	२३८७४
वडा कार्यालय पछाडीमेसिनरी वाल पर्खाल निर्माण	वडा कार्यालय पछाडीमेसिनरी वाल पर्खाल निर्माण	३८४०००	९७८४५
२ न. वडा कार्यालयफिल्ड तथा घेराबार निर्माण	२ न. वडा कार्यालयफिल्ड तथा घेराबार निर्माण	१०५१६६३	२२७६८७

१७.७ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्मस तथा दर रेटलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। सडक विभागबाट जारी Norms/Rate of Plant and Machinery for Estimating Guideline मा

Excavator को भाडा दर अन्तर्गत Ownership Cost Per hr Rs ६२०, Servicing Cost Per hr Rs १६५, Maintenance Cost Per hr Rs २७५, Fuel Per hr १४.४० Liter, Skilled Labor Per Hr ०.१२५लाग्ने उल्लेख छ। जस अनुसार ईन्धन प्रति लिटर रू.१८० तथा Skilled Labour को प्रति दिन ज्याला प्रतिदिन रू.१२००.०० राखेर गणना गर्दा प्रति घण्टा डोजरको भाडा रू.३८०२.०० (अपरेटर समेत) मा प्राप्त हुने देखिन्छ। त्यसै गरी सडक विभागले जारी गरेको Norms for Rate Analysis as per Standard Specification for Road and Bridge works मा Excavator ले प्रति ६ घण्टा सबै प्रकारका ५०० घन मिटर(माटो र सामान्य ढुङ्गा) पहिरो सफा गर्ने सक्ने र सोको लागि १ जना दक्ष र ३ जना अदक्ष श्रमिक लाग्ने उल्लेख गरे बाट प्रति घन मिटर रू. ५३.४२ लागत लाग्ने देखिन्छ। तपशिल बमोजिमको पहिरो सफा गर्ने कार्यको लागि तोकिएको दर भन्दा बढी दरमा लागत अनुमान तयार गरी सोही अनुसार भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ। रु.

गो.भौ.नं.र मिति	निर्माण व्यवसायी/ उपभोक्ता समिति	योजना	भुक्तानी भएको दर	भुक्तानी हुनुपर्ने (Triangular cutting)	भुक्तानी हुनुपर्ने दर	कुलभुक्तानी हुनुपर्ने	भुक्तानी भएको जम्मा रकम	बढी भुक्तानी	उपभोक्ताको योगदान प्रतिशत
३२(२०८२।०१।११)	सडक सरसफाई निर्माण उपभोक्ता समिति वडा नं. ५	सडक सरसफाई	१०२.३	२४२७.४१	५३.४२	१२९६७२.२४	२००६३५	७११९७	१९।११
५३(२०८२।०१।२३)	सडक सरसफाई मर्मत सम्भार उपभोक्ता समिति वडा नं. २	सडक सरसफाई	१०२.३	४५६५.८५	५३.४२	२४३९०७.७१	३७९०००	१३५०९३	१८।७८
५४(२०८२।०१।२४)	समैज देखि बाहुन गाउँसम्म सडक सम्भार उपभोक्ता समिति	सडक स्तररोन्नती सरसफाई	१०२.३	२३९६.६४	५३.४२	१२८०२८.५१	२०५०९०	७७०६२	१६।३५
७१(२०८२।०२।२०)	सडक मर्मत वडा नं. ४ नि.उ.स.	सडक मर्मत र सरसफाई	१०२.३	२०२७.४७	५३.४२	१०८३०७.४५	१७२९१७	६४६११	१६।६३
७७(२०८२।०२।२३)	सडक सरसफाई वडा नं. ७ नि.उ.स.	सडक सरसफाई	१०२.३	११९७.७६	५३.४२	६३९८४.३४	१०१०७६	३७०९३	१७।५१
९०(२०८२।०२।३०)	सडक मर्मत सुधार तथा सरसफाई नि.उ.स. वडा नं. १	सडक सरसफाई	१०२.३	४०७९.०५	५३.४२	२१७९०२.८५	३३४१६३	११६२६१	१९।९२
९१(२०८२।०३।३०)	सडक सरसफाई उ.स. वडा नं. ३	सडक सरसफाई	१०२.३	१३४३.११	५३.४२	७१७४८.९४	११५११८	४३३७०	१६।१६

जम्मा	९६३५५२.०४०	१५०७९९९.००	५४४६८७.००	

असुल गर्नुपर्ने	५,४४,६८७

१७.८ **मूल्यअभिवृद्धि कर बिजक-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समितिले आफूले गरेको कामको प्राविधिकबाट नापजाँच गराई उक्त निर्माण कार्यलाई पुष्ट्याई हुने बिल भर्पाइसमेत संलग्न गर्नुपर्ने व्यवस्था छ। साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिवृद्धि कर लाग्ने आइटमको VAT बिल अनिवार्य जारी गर्नुपर्ने व्यवस्था छ। नमूना परीक्षणको क्रममा देहायका उपभोक्ता समितिले गरेको काममा जिल्ला दररेटको आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ। तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सिमेन्ट, डण्डी खरिदको बिल पेश गरेकोले निम्नानुसार रकम भ्याट बापत बढी भुक्तानी भएको छ । जिल्ला दररेटको आधारमा भ्याट रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

गो.भौ.नं. र मिति	उपभोक्ता समितिको नाम	आइटम (ईकाइ)	भुक्तानी भएको परिमाण	लागत अनुमान दर	बिलको दर भ्याट समेत	फरक दर भ्याट समेत	असुल गर्नुपर्ने मु अ कर रकम
३४(२०८२।०१। १५) गा.पा. पुँजिगत	गुदुगाउँ देखि पावरहाउस सम्म कुलो सहितको पि.सि.सि.बाटो निर्माणनि.उ.स. (वडा नं. ३)	सिमेन्ट(OPC)	१३८ बोरा	१४९६	८५०	६४६	१०२५६
३५(२०८२।०१। १५) गा.पा. पुँजिगत	उदिना पी.सी.सी. बाटो निर्माण उपभोक्ता समिति(वडा नं.५)	सिमेन्ट(OPC)	४६ बोरा	१४९६	११३०	३६६	१९३७
३६(२०८२।०१। १६) गा.पा. पुँजिगत	डुन्ग्री खोला देखि पुडा बाउला सिंचाई कुलो निर्माण उपभोक्ता समूह (वडा नं.३)	सिमेन्ट(OPC)	४० बोरा	१४९६	९६०।५	५३५.५०	२४६४
३७(२०८२।०१। १६) गा.पा. पुँजिगत	चिराल्ना सिंचाई कुलो निर्माण योजना उ.स. (वडा नं. ५)	सिमेन्ट(OPC)	४० बोरा	१४९६	११३०	३६६	१६८४
४१(२०८२।०१। १९) गा.पा. पुँजिगत	सिम्पाटा देखि नहरासम्म पीसीसी बाटो निर्माण उ.स.(वडा नं. ५)	सिमेन्ट(OPC)	५० बोरा	१४९६	१०५०।९	४४५.१०	२५६०
१०६(२०८२।०३। ०९) गा.पा. पुँजिगत	छानीखेत देखि बागलोटे सम्म पीसीसी बाटो निर्माण उ.स.	सिमेन्ट(OPC)	९० बोरा	१४९६	११३०	३६६	३७९०
१०८(२०८२।०३। ०९) गा.पा. पुँजिगत	जाडगुदु देखि बागलोटे सम्म पीसीसी बाटो बनाउने निर्माण उ.स. (वडा नं. ५)	सिमेन्ट(OPC)	७३ बोरा	१४९६	११३०	३६६	३०७४
१०९(२०८२।०३। ०९) गा.पा. पुँजिगत	श्री बालविकास आ.वि, शौचालय निर्माण	सिमेन्ट(OPC)	७५ बोरा	१४९६	१०५०	४४६	३८४९
१११(२०८२।०३। ०९) गा.पा. पुँजिगत	गुदु टोल छानावाडा सम्म पीसीसी बाटो निर्माण उ.स. (वडा नं. ३)	सिमेन्ट(OPC)	९६ बोरा	१४९६	१०५१	४४५	४९१५
११३(२०८२।०२। १३) गा.पा. पुँजिगत	गताडि थालीकोट बाटो निर्माण उ.स.(वडा नं. ५)	सिमेन्ट(OPC)	७८ बोरा	१४९६	११३०	३६६	३२८४
११४(२०८२।०३। १३) गा.पा. पुँजिगत	एक घर एक जुठ्यान कार्यक्रम निर्माण उ.स. (वडानं. ७)	सिमेन्ट(OPC)	६५ बोरा	१४९६	११३०	३६६	२७३७
		पाइप (HDPE 50 mm)	१०८के.जि.	३०१	१२४।३	१७६.७०	२१९५
१२०(२०८२।०३। १६) गा.पा. पुँजिगत	घटालमाण्डु मन्दिर निर्माण आयोजना नि.उ.स. (वडा नं. ५)	सिमेन्ट(OPC)	७८ बोरा	१४९६	११३०	३६६	३२८४
		सरिया 12mm	२२० के,जि.	१४६।४०	११८।६५	२७.७५	७०२
		सरिया 8mm	१५० के,जि.	१४६।४०	१२४।३	२२.१०	३८१
५(२०८२।०१। २३) प्रदेश पुँजिगत	काटे देखि चुका दह हुँदै बुकादह थला सम्म पदमार्ग निर्माण उ.स.	सिमेन्ट(OPC)	१६० बोरा	१४९६	९४९।२	५४६.८०	१००६५
६(२०८२।१।२३) प्रदेश पुँजिगत	समैज देखि खप्तड सिमाना सम्म पदमार्ग निर्माण उ.स.(वडा नं. १)	सिमेन्ट(OPC)	१०० बोरा	१४९६	११८६।५	३०९.५०	३५६१
१३(२०८२।०२। २७) प्रदेश पुँजिगत	धनाल्त सिउडी खोला पसेला सिंचाई कुलो निर्माण उ.स. (वडा नं.३)	सिमेन्ट(OPC)	१८५ बोरा	१४९६	९६०।५	५३५.५०	११३९७
		सरिया 10mm	६३०	१४६।	११५।	३१.१४	२२५७

			के,जि.	४०	२६		
		सरिया 8mm	५०० के,जि.	१४६। ४०	११०। ७४	३५.६६	२०५१
जम्मा							७६४४३

असुल गर्नुपर्ने	७६,४४३

१७.९ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

१८ निर्माण तर्फ

१८.१ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१८.२ **खरिद सम्झौता:** सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको स्टान्ड्रड बिडिङ डकुमेन्ट अनुसार निर्माण कार्यको खरिद सम्झौता गर्नुपर्दछ। पालिकाले यो वर्ष खरिद सम्झौता गरेका सबै ठेक्कामा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको स्टान्ड्रड बिडिङ डकुमेन्टको प्रयोग गरेको देखिएन। कतिपय सम्झौतामा विशेष शर्तमा बीमा गर्नुपर्ने प्रोभिजन स्पष्ट नगरिएको, प्रोग्राम अपडेटको व्यवस्था नगरिएको लगायतका व्यवस्थाहरूको पालना नगरिएकोले खरिद सम्झौता गर्दा स्टान्ड्रड बिडिङ डकुमेन्टको अनिवार्य पालना गर्नुपर्दछ।

१८.३ **बोलपत्रको मूल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्र दातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको २ प्रतिशत देखि ५५ प्रतिशतसम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिब ४५ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिँदा समेत बोलपत्र मूल्याङ्कन

समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

Contract No.	Name of project	**Name of the Contractor**	**Estimate Amount with VAT**	**Contract Amount (with VAT)**	Percentage Below
KCRM/NCB/HBCW/10/2077-078	Construction of Primary Hospital (10-Bed) at KCRM, Bajura	Danfe/PS JV, Silgadhi, Doti	१६४४२४६३२.४७	१११७७३५९६.२५	३२.६१
KCRM/NCB/BCW/05/2080-81	Ward No.-05 Office Building Construction Works	New Badalek Nirman Sewa-Bajura	१९३१७१३४.८१	११५४९२८३.३३	४०.७१
KCRM/NCB/TTW/07/2080-81	Construction of Trekking-Trail from Khaptad to Chededaha with Railing (खप्तड देखि छेडेदहसम्म रेलिङ्ग सहितको पर्यटकीय पद मार्ग निर्माण)	Ashok Construction And adar Suppliers	१०४६३१८५.९६	५२३५६७४.९५	५०.२२
KCRM/NCB/W/11/2081-082	Construction of Khola Kharka Dekhi Khaula Hudai Lamachaur Naina Samma Irrigation Canal/Pipe Works	New Badalek Nirman Sewa	४७३७१६२.४२	४६३६८५०.२२	२.१४
KCRM/NCB/W/08/2081-082	Thela Uchaune Dekhi matesaghu Khanepani Nirman	Masta Construction & Order Suppliers	३२१३८२२.७५	२०७१८०५.३१	३५.९५
KCRM/NCB/W/09/2081-082	Construction of Basic Health Service Center, KCRM-06, Maitola, Bajura	Aayush Construction And Order Suppliers	४९०६३३६.०७	३७४६२५२.६९	२३.८२
KCRM/NCB/W/08/2081-082	Construction of Jhigine Pudababla Irrigation Canal	Saskar nirman sewa	५१६२०२०.६४	२८८४८९४.१५	४४.४५
KCRM/NCB/W/05/2081-082	Dogadi Rithe Railing Padmarda Nirman	Rakshya Nirman Sewa & order Suppliers	९०१३८१८.५०	५३४७७६६.७०	४०.९९
KCRM/NCB/W/07/2081-082	मालझुली देखि भवानी मा.वि. सम्म सडक स्तरोन्नति	M.B construction and order suppliers	२०९९६४६.७६	१३१९४१८.००	३७.५४
KCRM/NCB/W/01/2081-082	Mashteshwari School Access Road & Khelmaidan Nirman (Namuna Program)	Yogesh Constructions	१०१६९८०३.७२	५०८६९४७.३७	५०.४०
KCRM/NCB/W/02/2081-82	Mashteshwari School Khelmaidan Nirman (Pradesh Bishesh Grant)	Yogesh Constructions	३९९८५८७.९०	२०५४९०६.४३	४९.०६
KCRM/NCB/BCW/09/2080-81	3 Office Building Construction Works. (३ नं वडा कार्यालय भवन निर्माण कार्य)	Jagat Nirman Sewa	१९९८४८६१.७७	११७०९४२४.९०	४१.९५
KCRM/NCB/SBCW/01/2078-079	Construction Of School Building Of Devashthali Ma.Bi. Matesaghu	Swar Construction Pvt.Ltd.	२३२५४७०८.५६	१४६३३१२३.०१	३७.४५
KCRM/NCB/W/04/2080-81	Siungaad Brihat tatbandhan nirmaan (2080-81)	New Badalek Nirman Sewa	१८२५०६०७.०३	८२४७३५४.३८	५५.१३
KCRM/NCB/W/04/2081-82	Construction of Trekking-	om shiva			

	Trail from Khaptad to Chededaha with Railing (खप्तड देखि छेडेदहसम्म रेलिङ्ग सहितको पर्यटकीय पद मार्ग निर्माण)	construction and order suppliers	१२५६१६६३.०७	७७२२२५७.५१	३८.७४
KCRM/NCB/W/03/2081-082	Siungaad Brihat Tatabandhan Nirman Works (2081-082)	New Badalek Nirman Sewa-Bajura	८०७१३८४.१६	४२२८५४०.१४	४८.००
KCRM/NCB/W/03/2080-81	KCRM Building Landscape and Boundry Wall Construction Work (गाउँपालिका भवन ल्याण्डस्क्याप तथा घेरवार निर्माण)	Ashok Construction & Adar Suppliers, KCRM-6, Bajura	९५७१०५३.२२	४९९९७७९.२८	४८.०४
KCRM/NCB/BCW/08/2080-81	Completion of Administration office building of KCRM	Sunrise-Masta-Shuvalaxmi Joint veture	४८२९६३५२.४४	४०५९२३७७.०६	१६.९५

१८.४ **भेरिएशन आदेश** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) को उपखण्ड ४ मा स्थानीय तहलाई सार्वजनिक निकायको रुपमा परिभाषा गरिएको छ। यस्तै दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई पाँच प्रतिशतसम्मकोभेरिएशन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहकोप्रमुखले, दश प्रतिशतसम्मको भेरिएशन सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले, पन्ध्र प्रतिशत सम्मको भेरिएशन विभागीय प्रमुखले, पन्ध्र देखि पच्चीस प्रतिशतसम्मको भेरिएशन सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको सम्बन्धित निकाय प्रमुखले र पच्चीस प्रतिशतभन्दा माथिको भेरिएशन सोही ऐन दफा २(ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले यस आर्थिक वर्षमा निम्न निर्माण कार्य गर्दा भेरिएशन आदेश जारी गरेको छ। जसमा देखिएका व्यहोरा देहाय बमोजिम रहेको छन्:

क) ५ नं. वडा कार्यालयको भवन निर्माण

• पालिकाले ५ नं. वडा कार्यालयको भवन निर्माण कार्यको लागत अनुमान रू. १,९९,९२,५०४।०७ (मूल्य अभिवृद्धि कर, पिएस आइटम र कन्टिजेन्सी सहित) बनाई ठेक्का नं.KCRM/NCB/BCW/05/2080-81 राखि मिति २०८०।११।१५ गते विद्युतीय बोलपत्र आव्हान(E-Bidding)गरेको देखिन्छ।

• मिति २०८१।०२।०३ गते रू. १,१५,५०,३४५.७५(मूल्य अभिवृद्धि कर रपिएस आइटम सहित) मा अर्थात लागत अनुमान भन्दा ४०।७१ प्रतिशत घटी न्यू बडालेक निर्माण सेवासँग १२ महिना भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको देखिन्छ।

•पहिलो भेरिएशन आदेश(VO1): नयाँ निर्माण हुने वडा कार्यालय भवन निर्माणको लागि सम्झौता भए बमोजिम साबिक लागत अनुमानमा निर्माण स्थल सुरक्षित गर्न Retaining wall अनिवार्य आवश्यक पर्ने कारण देखाई सुरू सम्झौता रकमको २३.३२ प्रतिशत अर्थात रू. २६९४३७२।००(मूल्य अभिवृद्धि कर रपिएस आइटम सहित) रकम थप गरी पालिकाका प्रमुख प्रशासकीय अधिकृत(राजपत्राङ्कित तृतीय)बाट भेरिएशन आदेश स्वीकृत भएको देखिन्छ।

• दोस्रो भेरिएशन आदेश(VO2):पहिलो भेरिएशन अनुसार Plum Retaining wall को उचाई कम हुन गई निर्माण स्थलको जोखिमलाई मध्यनजर गरी Plum Concrete wall को उचाई अनिवार्य रुपमा बढाउनुपर्ने तथा सुरुको लागत अनुमानमा छुट हुन गएका आईटम wall putty थप गर्नुपर्ने कारण देखाई सुरू सम्झौता रकमको ८.५० प्रतिशत अर्थात रू. ९८२२३७।८९(मूल्य अभिवृद्धि कर रपिएस आइटम सहित) रकम थप गरी (VO1) र (VO2)सहित जम्मा सुरू सम्झौता रकमको ३१।८३ प्रतिशत अर्थात रू. ३६७६६०९। ८९(मूल्य अभिवृद्धि कर रपिएस आइटम सहित) रकम थप गरी गाउँपालिकाका अध्यक्षले भेरिएशन आदेश स्वीकृत गरेको देखिन्छ।

विवरण(मू. अ. कर रपिएस सहित)	सुरुको रकम रू.	पहिलो भेरिएशन आदेश(VO1) अनुसार	दोस्रो भेरिएशन आदेश(VO2) अनुसार	कूल रकम((मू. अ. कर रपिएस सहित
लागत अनुमान	**१९०५१३०३.४९**	**४६०६२१४.१७**	**१६५२२७३.०६**	**२५३०९७९०.७३**
सम्झौता/भेरिएशन	**११५५०३४५.७५**	२६९४३७२	**९८२२३७.८९**	**१५२२५९०५.७१**
भेरिएश थप प्रतिशत		**२३.३२७**	**८.५०३**	**३१.८३**

• पालिकाले न्यू बडालेक निर्माण सेवालाई पहिलो, दोस्रो र तेस्रो रनिङ्ग बिलबाट कार्यसम्पन्न भएको भनी जम्मा रू. १,३९,८७,६६७। ५९ भुक्तानी गरेको देखिन्छ।

सार्वजनिक खरिद ऐन तथा नियमावलीमा स्थानीय तहलाई सार्वजनिक निकाय भनिएको र सार्वजनिक निकायको हकमा सार्वजनिक निकायको प्रमुख अर्थात प्रमुख प्रशासकीय अधिकृत(राजपत्राङ्किकत तृतीय)बाट भेरिएशन आदेश जारि हुन सक्ने सम्बन्धमा कुनै व्यवस्था रहेको देखिदैंन। यसै गरी गाउँपालिकाको अध्यक्षबाट समेत भेरिएशन आदेश जारि हुन सक्ने व्यवस्था ऐनमा रहेको देखिंदैन। पालिकाले उल्लिखित पहिलो भेरिएशन आदेश(VO1) सुरु सम्झौताको २३.३२७ प्रतिशत थप गरी गर्दा प्रमुख प्रशासकीय अधिकृत(राजपत्राङ्किकत तृतीय)बाट स्वीकृत गरेको तथा सुरु सम्झौता रकमको ८.५० प्रतिशत रकम थप गरी (VO1) र (VO2)सहित जम्मा सुरू सम्झौता रकमको ३१।८३ प्रतिशत थप गरी दोस्रो भेरिएशन आदेश(VO2) गर्दा गाउँपालिकाको अध्यक्षबाट भेरिएशन आदेश स्वीकृत गरेको देखिन्छ। सार्वजनिक निकायले अधिकार प्राप्त अधिकारीबाट मात्र भेरिएशन आदेश जारी गरी रकम खर्च गर्नुपर्दछ। सार्वजनिक खरिद ऐनमा भेरिएशन आदेश जारि गर्न पाउने अधिकार नरहेको पदाधिकारीबाट भेरिएशन आदेश जारी गरी भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

ख) सिउनगाड बृहत तटबन्धन (वडा नं. ५)

• पालिकाले सिउनगाड बृहत तटबन्धन कार्यको लागत अनुमान रू. ८३५४८४०।४१ (मूल्य अभिवृद्धि कर, पिएस आइटम र कन्टिजेन्सी सहित) बनाई ठेक्का नं.KCRM/NCB/W/03/2081-82 राखि मिति २०८१।०९।२८ गते विद्युतीय बोलपत्र आव्हान(E-Bidding)गरेको देखिन्छ।

· मिति २०८१।१२।०१ गते रू. ४२,२८,५४०.१४(मूल्य अभिवृद्धि कर रपिएस आइटम सहित) मा अर्थात लागत अनुमान भन्दा ४८ प्रतिशत घटी न्यू बडालेक निर्माण सेवासँग २०८२।०२।३० गते भित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएको देखिन्छ।

· भेरिएशन आदेश(VO): नयाँ निर्माण हुने Plum wall को उचाई कम भएकाले निर्माणस्थलमा सो वालको उचाई बढाउनुपर्ने भएको हुँदा उक्त निर्माण कार्यको आईटमहरुको परिमाण लागत अनुमानमा थप हुने हुँदा तथा भवनको परिसरमा Access Road निर्माणमा PCC for RCC(1:1.5:3) Concrete को आईटम थप गर्नुपर्ने कारण जनाई सुरु सम्झौताको रू. ११८१५९४।११(मु.अ. कर र पिएस सहित) २७.९४ प्रतिशत थप गरी गाउँपालिकाका अध्यक्षले भेरिएशन आदेश(VO) जारी/स्वीकृत गरेको देखिन्छ।

विवरण(मू. अ. कर रपिएस सहित)	सुरुको रकम रू.	भेरिएशन आदेश(VO) अनुसार	कूल रकम((मू. अ. कर रपिएस सहित
लागत अनुमान	८३५४८४०।४१	२०११४८५।३०	१००१७८६९।५२
सम्झौता/भेरिएशन	**४२,२८,५४०.१४**	११८१५९४।११	५४१०१३४।२५
भेरिएश थप प्रतिशत		**२७.९४**	**२७.९४**

• पालिकाले न्यू बडालेक निर्माण सेवालाई भौचर नं. ८९(२०८२।०२।३०) गते गाउँपालिका पुँजिगतबाट रू. २६,४६,३५५।०० र बाँकी रकम पुँजिगतबाट भुक्तानी गरेको देखिन्छ।

सार्वजनिक खरिद ऐन तथा नियमावलीमा स्थानीय तहलाई सार्वजनिक निकाय भनिएको र सार्वजनिक निकायको हकमा गाउँपालिकाको अध्यक्षबाट भेरिएशन आदेश जारि हुन सक्ने प्रावधान ऐनमा रहेको देखिंदैन। पालिकाले उल्लिखित भेरिएशन आदेश(VO) सुरु सम्झौताको २७.९४ प्रतिशत थप गरी गर्दा गाउँपालिकाको अध्यक्षबाट भेरिएशन आदेश स्वीकृत गरेको देखिन्छ। सार्वजनिक निकायले अधिकार प्राप्त अधिकारीबाट मात्र भेरिएशन आदेश जारी गरी रकम खर्च गर्नुपर्दछ। सार्वजनिक खरिद ऐनमा भेरिएशन आदेश जारि गर्न पाउने अधिकार नरहेको पदाधिकारीबाट भेरिएशन आदेश जारी गरी भुक्तानी दिने कार्य नियन्त्रण गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ।

१८.५ **खर्च पुष्ट्याई पेश गर्नुपर्ने** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. २२(२०८२।०३।२३ संघीय पुँजिगत) बाट मष्टेश्वरी माध्यामिक विद्यालय, वडा नं. ५ लाई केन्द्रबाट छनौट भएका नमूना विद्यालय, विशेष विद्यालयको स्वीकृति गुरुयोजना अनुरुप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारतर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान अन्तर्गत रू. २३,६५,७८८।०० अनुदान भुक्तानी दिएको छ। मष्टेश्वरी माध्यामिक विद्यालयको पहुँच मार्ग तथा खेल मैदान निर्माणको लागि उल्लिखित रकम विद्यालयलाई भुक्तानी गरिएको देखिन्छ। मष्टेश्वरी माध्यामिक विद्यालयको पहुँच मार्ग तथा खेल मैदान निर्माणको लागि पालिकाबाट ठेक्का नं.KCRM/NCB/W/01/2081-82 बाट मिति २०८१।१२।०१ गते योगेश कन्ट्रक्सनसँग रू. ५०,८६,९४७।३७(मु.अ. कर र पीएस सहित)मा सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ। पालिकाले उल्लिखित मष्टेश्वरी माध्यामिक विद्यालयको पहुँच मार्ग तथा खेल मैदान निर्माण कार्यको लागि गो.भौ.नं. २०(२०८२।०३।२३ संघीय पुँजिगत) बाट योगेश कन्ट्रक्सनलाई प्रथम रनिङ्ग बिल वापत रू. २७,२१,१५५।०० रुपैंया भुक्तानी गरेको छ। सम्झौता भई निर्माण कार्य सञ्चालनमा रहेको तर ठेक्का सम्झौता अवधि भित्र निर्माण कार्य सम्पन्न नभई ठेक्का म्याद थप गरिदिनुहुन भनी सम्बन्धित निर्माण व्यवसायीबाट निवेदन पेश भएकोमा उक्त निर्माण कार्यको लागि २०८२ पौष मसान्त सम्म ठेक्का म्याद थप गर्ने तथा सम्झौता बमोजिम प्रथम रनिङ बिलको रकम घटाई बाँकी रकम उल्लिखित मष्टेश्वरी माध्यामिक विद्यालय, वडा नं. ५ को खातामा भुक्तानी गर्ने गरी पालिकाबाट निर्णय गरि रकम भुक्तानी दिएको देखिन्छ। पालिकाबाट ठेक्का सम्झौता भई प्रथम रनिङ बिल समेत भुक्तानी भईसकेको अवस्था बाँकी रकम विद्यालयको खातामा निकासा गरेको मनासिब देखिदैंन। अत: विद्यालयलाई दिएको रकम उल्लिखित निर्माणमा प्रयोग भएको पुष्टि गर्ने प्राविधिक विल लगायतका कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	२३,६५,७८८

१८.६ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**- पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। नमूना परीक्षणको क्रममा पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम पुँजीगत शीर्षकबाट चालु प्रकृतिको खर्च गरेको पाईयो।

गो.भौ.नं. र मिति	**भुक्तानी प्राप्त गर्ने**	**रकम रू.**	**प्रयोजन**	**कैफियत**
८०(२०८२।०२।२३)पालिका पुँजिगत	भवानी मा.वि. (वडा नं. ३)	७८८०००	फर्निचर रेलिङ निर्माण	विद्यालयले रू. २८७४०५।०० बराबर रकमको रेलिङ तथा निर्माणमा खर्च गरी बाँकी रकमको भलिबल, नेट, जाली, मेडल लगायतका चालु प्रकृतिका सामग्रीहरु खरिद गरी बिल पेश गरी खर्च भुक्तनी लिएको।
३०(२०८२।०३।२४)प्रदेश पुँजिगत	देविस्थली मा.वि. (वडा नं. २)	१४३६४९०	देवस्थली मा.वि. जिर्ण भवन व्यवस्थापन तथा परिसर निर्माण	विद्यालयले जिर्ण भवन निर्माणको लागि रकम खर्च गर्नुपर्नेमा फर्निचर, रेकर्ड फाईल, कार्पेट लगायतका चालु प्रकृतिका सामग्रीहरु खरिद गरी बिल पेश गरी खर्च भुक्तनी लिएको।
१३(२०८२।०३।१३)संघीय पुँजिगत	मष्टेश्वरी माध्यामिक विद्यालय(वडा नं. २)	१००००००	शैक्षिक तथा व्यवस्थापकीय कार्य	पुँजिगत प्रकृतिका सामग्रीहरु खरिद गर्नुपर्नेमा चिया नास्ता तथा स्टेशनरीको बिल तथा शिक्षकहरुलाई पारश्रमिक भुक्तानी गरेको।

पालिकाले पुँजिगत बजेटलाई चालु प्रकृतिको खर्च गर्ने प्रवृतिलाई नियन्त्रण गर्नुपर्दछ।

१८.७

भेरिएशन आदेश जारी नभएको- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४(१) मा खरिद गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीबाट तोकिए बमोजिमको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ। निम्न कार्यको लागि पालिका र निर्माण व्यवसायी तथा आपूर्तीकर्ताबीच भएको सम्झौताको जि सि सि मा विल अफ क्वान्टिटिको कुनै आइटममा शुरु सम्झौता अंकको २५ भन्दा बढि घटिबढि भएमा तथा कुल सम्झौता अंकको २ प्रतिशत भन्दा बढी घटिबढि भएमा प्रोजेक्ट म्यानेजरले दर समायोजन गर्नु पर्ने व्यवस्था छ। नमूना परीक्षणको क्रममा निम्न निर्माण कार्यको शुरु सम्झौता अंकको २ प्रतिशतले भन्दा घटी भएको अवस्थामा भेरिएसन स्वीकृत गरी दर समायोजन देखिएन। लागत अनुमानमा देहाय बमोजिम घटीमा कार्य सम्पन्न हुनुले निर्माण कार्यको लागत अनुमानको यथार्थता पुष्टि हुँदैन। अत: निर्माण कार्य घटि हुनुको कारण स्पष्ट गरी भेरिएसन आदेश जारी गरेर मात्र अन्तिम भुक्तानी गर्नुपर्दछ।

ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायी/ आपूर्तिकर्ता	सम्झौता रकम(मु.अ. कर सहित)	सम्पन्न / भुक्तानी रकम(मु.अ. कर सहित)	घटि कार्य	घटी कार्य
KCRM/NCB/W/04/2081-81	Construction of Trekking Trail from Khaptad chhededaha with railing	ओम शिव कन्ट्रक्सन एण्ड अर्डर सप्लायर्स	७७२२२५७। ५१	६३०९८७६।३९	१४१२३८१।१२	१८। २८ प्रतिशत
KCRM/NCB/TTW/07/2081-81	Contruction of trekking Trails from khaptad to chhededaha with railling	अशोक कन्ट्रक्शन एण्ड अर्डर सप्लायर्स	५२,३५,६७४। ९५	३९४८७०६।००	१२८६९६८।९५	२४। ५८ प्रतिशत
जम्मा				१०२५८५८२।३९	२६९९३५०।०७	

१८.८ **कन्टिन्जेन्सी खर्च-** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू.१००८३३०।०० खर्च गर्दा नियमावलीमा व्यवस्था भए अनुरुप पालिकालको केन्द्रीय निकाय अर्थात कार्यपालिकाबाट कार्यविधि स्वीकृत गरी खर्च गरेको देखिएन। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र वैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ।

क्र.स.	कन्टिन्जेन्सीको विवरण	खर्च रकम
१	ज्याला/फिल्ड भत्ता	२९५८००
२	अनुगमन भत्ता	२२९९३०
३	मसलन्द/प्राविधिकका लागि आवश्यक सामग्री	४८२६००

१९ कार्य ब्यवस्थापन

१९.१ **कार्यक्रम संचालनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(च) अनुसार कार्यक्रम संचालन गर्दा संभव भएसम्म कर्मचारीलाई पेश्की नदिई मितब्ययिता कायम हुने गरी प्रतिस्पर्धा मार्फत खरिद गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकामा कार्यरत देहायका कर्मचारीले आफ्नै खातामा पाउने तलव तथा भत्ताका अतिरिक्त कार्यक्रम संचालन/खरिद पेश्की समेत लिई बार्षिक रुपमा करकट्टि पछिको खुद भुक्तानी लिएको पाइयो । प्रतिस्पर्धाबाट खरिद गर्नुपर्ने मालसामान तथा सेवा आफैंले खरिद गरेको देखिएको (सूत्र सफ्टवेयरबाट प्राप्त विवरणबाट) छ । नियममा तोकिए अनुसार कार्यक्रम संचालन गरी सम्बन्धितलाई नै भुक्तानी गर्ने ब्यवस्था मिलाई प्रतिस्पर्धा मार्फत खरिद कार्य गरी सम्बन्धित आपुर्तिकर्ताकै नाममा भुक्तानी हुने तथा पेश्की दिई कार्यक्रम

संचालन गर्दा मितब्ययी हुने तरिका नअपनाई गरेको खर्च मनासिब देखिएन । यसप्रकारले गर्ने खर्चमा नियन्त्रण गरी कार्यक्रम संचालन गर्न आवश्यक पर्ने सामान र सेवाको विवरण/सुची तयार गरी प्रतिस्पर्धा मार्फत खरिद गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

कर्मचारीको नाम थर	पद	यो वर्ष प्राप्त खुद रु	खर्चको मुख्य व्यहोरा
प्रेमबहादुर साउद	वडा १ सचिव सहायक चौथो	१११७६८२।००	निजले वडा संचालन पेश्की रु १०००००।०० समेत लिएको ।
प्रेमबहादुर साउद	अधिकृत छैठौं शिक्षा	१०६६५३६।००	परीक्षा संचालन पेश्की रु ३०००००।००, स्थानीय पाठ्यक्रम निर्माण रु ९७७१०।०० समेत ।
दल वहादुर रावत	अधिकृत छैठौं स्वास्थ्य	११६४६०३।००	निजको मासिक खुद तलव रु ६५१३२।००, स्वास्थ्य मासिक बैठकमा रु १८७६१५।०० तथा आइरन फोलिक एसिड कार्यक्रम संचालन रु १०८६७०।०० समेत ।
शेरबहादुर बुढा	पोषण सहायक	३२९५५६५।००	मासिक खुद तलव रु ३३६६०।०० रहेकोमा सुरक्षित मातृत्व कार्यक्रममा रु ११०६०५।००, उपाध्यक्ष महिला सीप विकास कार्यक्रममा रु २९६९४८।००, महिला सीप विकास तालिममा रु १९७०००।०० लगायत ।
दिनेश कुमार साह	वडा ३ का सचिव दिनेश कुमार साह सहायक चौथो	१०५७३५१।३६	निजले वडा संचालन पेश्की रु ५१८९८५।०० तथा कार्यक्रम संचालन पेश्की रु. १०७७४०।०० समेत लिएको देखियो ।

१९.२ **कार्यक्षेत्र बाहिर काजः** (३०।०८१।६।१८ समेत) स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहमा कार्यरत कर्मचारी संघीय तहमा कार्य गर्न पाउने ब्यवस्था छैन । गाउँपालिकामा २०७६।१२।९ देखि सहायक महिला विकास निरीक्षक (सहायक चौथो) पदमा कार्यरत शान्ति जोशी (क.स.नं. २४२३४८) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४०९ मिति २०८१।२।२३ बाट २०८१।७।६ सम्म र २०८१।७।३ देखि उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयमा कार्यरत रहेको देखिएकोमा लेखापरीक्षण अवधि (२०८२।५।२१) सम्म गाउँपालिकामा फिर्ता भएको देखिएन । गाउँपालिकाले निजको हाजिर समेत संलग्न नगरी यो आर्थिक वर्षमा चाडपर्व खर्च र पोशाक खर्च समेत कर कट्टि पछिको खुद रु ४३९३७५।२२ भुक्तानी गरेको देखियो । यसरी स्थानीय तहका लागि नियुक्त कर्मचारी कार्यक्षेत्र वाहिर रहेको तथा हाजिर प्रमाणित संलग्न नगरी भुक्तानी गर्नेलाई जिम्मेवार बनाई उक्त खर्च नियमित गर्नुपर्ने रु

अनियमित भएको	४,३९,३७५.२२

१९.३ **कट्टि रकम भुक्तानी/दाखिला गर्न बाँकीः** आयकर २०५८ ऐन अनुसार कट्टि भएका रकम दाखिला गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले पेश गरेको बित्तीय विवरण(मलेपफानं २०७-०१) मा यो वर्ष कट्टि रकम भुक्तानी/दाखिला गर्न बाँकी रु ५३३६।८९ उल्लेख गरेको छ । उक्त रकम नियमानुसार सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	५,३३६.८९

१९.४ **आय दाखिलाः** गाउँपालिकाको आर्थिक ऐन २०८१ अनुसार एम्बुलेन्स र डोजरको आम्दानी दाखिला गर्नुपर्ने ब्यवस्था छ । लेखापरीक्षणको क्रममा देहायका चालकसँग सोधपुछ गर्दा देहाय अनुसार रु ३४०००।०० दाखिला गर्न बाँकी रहेको देखियो । उक्त रकम नियमानुसार सुद सहित गाउँपालिकाको सम्बन्धित चालकबाट असुल गरी दाखिला गर्नुपर्ने रु

क्र.सं.	पद र मेसिन/उपकरणको नम्वर	नामथर	नियुक्ति मिति	आय रु	कैफियत
१	एम्बुलेन्स चालक (सुपप्र०१। ०००६१२)	कमलबहादुर धामी	२०८२। २।१९	२२०००	धनगढी-आटीचौर १ पटकको रु १८०००।०० र मार्तडी-आटीचौर १ पटकको रु ४०००।०० गरी रु २२०००।००
२	डोजर चालक (सुपप्र०१। ०००१ख२८२२)	नरेशबहादुर वोहोरा	२०८२। ३।२	१२०००	गाउँपालिकाको बाटो खोल्ने काममा ५० घण्टा र बाहिरको काममा ३ घण्टा रु ४०००।०० का दरले रु १२०००।००
		जम्मा		३४०००	

असुल गर्नुपर्ने	३४,०००

१९.५ **राजश्व छुटः** गाउँपालिकाको आर्थिक ऐन २०८१।८२ को दफा १० को अनुसूचि ९ को बुँदा नं १५ मा योजना संझौता शुल्क रु ५००।०० हुने उल्लेख छ । गाउँपालिकाको २०८१।१०।९ को हिउँदे अधिवेशनबाट उक्त शुल्क छुट दसने निर्णय गरेको समेत पाइयो । पूर्व तयारी गरी एकपटक निर्धारण गरेको शुल्क एक आर्थिक वर्ष भित्र कायम रहने ब्यवस्था मिलाउन सकेको देखिएन । गाउँपालिकाले यो वर्ष ९४ योजना संझौता गरी संचालन गरेकोमा रु ५००।०० का दरले हुने संझौता शुल्क रु ४७०००।०० असुल गरेको देखिएन । उक्त खर्च नियमित गर्नुपर्ने रु

अनियमित भएको	४७,०००

१९.६ **छेडेदह तालः** स्थानीय सरकार संचालन ऐन २०७४ मा गाउँपालिकालाई आफ्नो कार्यक्षेत्र भित्र रहेका प्राकृतिक तथा कृतिम साधन स्रोतको संरक्षण एवं महत्तम उपयोग गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाको वडा नं ४ खाँतीगाउँ, वडा नं ५ घङ्गेरी तथा वडा नं ७ लोमगाउँको संगमस्थलको रुपमा रहेको छेडेदह ताल वरपरको जग्गा विवादका कारण तालको पर्यटकीय दृष्टिले उपयोग हुन सकेको देखिएन । उक्त ताल आसपासको जग्गा सार्वजनिक भएतापनि साविकदेखि स्थानीयहरुले उपयोग गर्दै आएको जनाई विवाद सिर्जना भएको पाइयो । उक्त विवादको निरुपण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्दै आन्तरिक आम्दानी वृद्धि गर्न ध्यान दिनुपर्दछ ।

सार्वजनिक भवन।संरचनाः स्थलगत लेखापरीक्षणका क्रममा गाउँपालिका भित्र ६ वटा आलु भण्डार केन्द्र रहेको जनाएतापनि उपयोग भएको नदेखिएको संरचना देहाय अनुसार छन । यी लगायतका संरचना पहिचान गरी उपयोग गर्न गाउँपालिकाले ध्यान दिएको पाइएन । गाउँपालिकाले सार्वजनिक भवन तथा संरचना पहिचान तथा अभिलेखांकन गरी महत्तम एवं वैकल्पिक उपयोग गर्न ध्यान दिनुपर्दछ ।

१९.७ **सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलनः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिमको तोकिएका सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यस सम्बन्धमा प्रभावकारी कार्य सम्पादन गरेको देखिएन । यस सम्बन्धमा देखिएका थप ब्यहोराहरु निम्न छन ।

- सूचना अधिकारी तोकेको ।
- सूचना वर्गीकरण र अद्यावधिक नगरेको ।
- तीन-तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित नगरेको ।
- कार्यालयको वेवसाइट रहेको ।
- गाउँपालिकासँग माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख नराखेको ।

उल्लिखित ब्यहोरालाई ध्यान दिई सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलनमा सहजीकरण र नागरिकमैत्री बनाउनुपर्दछ ।

१९.८ **अपुग अग्रीम करः** आयकर ऐन २०५८ को दफा ८९ मा मूल्य अभिवृद्धि कर वीजकमा १.५ प्रतिशतका दरले अग्रीम कर लाग्ने ब्यवस्था छ । गाउँपालिकाले देहाय अनुसार गरेको परामर्श सेवाको भुक्तानीमा १.५ प्रतिशत भन्दा रु ११९४०।०० कम अग्रीम कर कट्टि गरेको पाइयो । अपुग अग्रीम कर सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रु

गोभौ मिति	भुक्तानी पाउनेको नाम	बीजक नं र मिति	खर्च रु	कट्टि गरेको अग्रीम कर रु	नपुग अग्रीम कर रु
६२९।०८२।३।२०	रायमाझी रिसर्च एण्ड कन्सल्टिङ प्रालि प्रालि(स्थालेन ६२१२२१५६५)	०१२।०८२।३।९	४९७२००।००	६६०।००	५९४०।००
६४१।०८२।३।२१	हेप्पी स्ट्रिङ एडभर्टाइजर्स प्रालि(स्थालेन ६१०४२५२९७)	००८।०८२।२।२२	४९७८००।००	६१०।००	६०००।००
		जम्मा			११९४०।००

असुल गर्नुपर्ने	११,९४०

१९.९ **राजश्वको लेखाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजश्व दाखिला र राजश्वको लेखा एवं नियम ५९ मा राजश्व लेखा अद्यावधिक गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले प्राप्त गरेको राजश्व (रु २५००८२।००) सेवाग्राही मार्फत सोझै बैंकमा दाखिला गरेतापनि सफ्टवेयर (न्यु रिम्स, newrims.fcgo.gov.np) मार्फत राजश्वको अभिलेख ब्यवस्थापन गर्ने कार्यमा प्रयोगकर्ता तथा सिफारिसकर्ता र स्वीकृतकर्ताको उपयोग नगरी एकै प्रयोगकर्ताले सवै कार्य गरेको तथा राजश्व जम्मा गरी सेवा नलिएकाको अभिलेख राखेको पाइएन । गोश्वरा भौचरसाथ रकम जम्मा गर्नेको विवरण खुलाएको छैन । राजश्वको श्रेस्ता पूर्णरुपमा राखी सफ्टवेयरमै सेवा लिए नलिएको जनाई तोकिए अनुसार प्रयोगकर्ता तथा सिफारिसकर्ता र स्वीकृतकर्ताको उपयोग गरी राजश्व लेखा अद्यावधिक गर्नुपर्दछ ।

१९.१० **खर्च पुष्ट्याईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्चका पुष्ट्याई राख्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले देहाय अनुसार गरेको परामर्श सेवाको भुक्तानी गर्दा लागत अनुमानको आधार नखुलाएको, प्रतिवेदन प्राप्त गरी जिन्सी दाखिला नगरेको समेत पाइयो । भुक्तानीका लागि आवश्यक कागजात नै संलग्न नगरी खर्च लेख्नेलाई जिम्मेवार बनाई खर्चको पुष्ट्याई पेश गर्नुपर्ने अन्यथा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

गोभौ मिति	भुक्तानी पाउनेको नाम	कामको विवरण	खर्च रु	कैफियत
६७०।०८२।३।२३	कामना टेलिभिजन प्रालि(स्थालेन ६१०३१४२९८)	गाउँपालिकाको पाश्वचित्र	४९८०००।००	संझौता नभएको, प्रतिवेदन प्राप्त नभएको ।
६२९।०८२।३।२०	रायमाझी रिसर्च एण्ड कन्सल्टिङ प्रालि प्रालि(स्थालेन ६२१२२१५६५)	गापाको १० वर्षे स्थानीय शिक्षा योनना तयारी	४९७२००।००	प्रतिवेदन प्राप्त नभएको ।
६४१।०८२।३।२१	हेप्पी स्ट्रिङ एडभर्टाइजर्स प्रालि(स्थालेन ६१०४२५२९७)	मध्यमकालीन खर्च संरचना तयारी	४९७८००।००	प्रतिवेदन प्राप्त नभएको ।
		जम्मा	१४९३०००।००	

प्रमाण पेश नगरेको	१४,९३,०००

१९.११ **कार्यालय संचालनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१(छ) मा सरकारी रकम खर्च गर्दा उपलव्ध स्रोत, साधन तथा सम्पतिको समुचित उपयोग भएको (गतवर्षको तुलनामा) सुनिश्चित हुनुपर्ने विषय समावेश छ । गाउँपालिकाले यो वर्ष देहाय अनुसार गतवर्षको तुलनामा मसलन्द तथा कार्यालय सामग्री खर्चमा उल्लेख्य कटौती (८९% घटी)

गरेतापनि अन्य शीर्षकमा उल्लेख्य वृद्धि (५९% वढी) गरेको पाइयो । गाउँपालिकाले यस्ता खर्चको पुनः मूल्यांकन तथा एकीन गरी यस्ता खर्चमा कटौती तथा नियन्त्रण गरी मितब्ययिता अपनाउनुपर्दछ ।

खर्च शीर्षक नं.	खर्च शीर्षक	खर्च रु	गतवर्षको खर्च रु	घट।बढ रु	कैफियत
२२७११	विविध खर्च	९९७८८३२।००	९७०२१८८।००	२७६६४४।०० बढेको ।	कार्यक्रम समेत
२२३११	मसलन्द तथा कार्यालय सामग्री	६९७८४९१।००	१३१७९३९०।००	६२००८९९।०० घटेको ।	(८९% घटी)
२२२१२	इन्धन कार्यालय प्रयोजन	१२९९९९६।००	७०७३७६।००	५९२६२०।०० बढेको ।	(४६% बढी)
२२२२१	मेसिनरी तथा औजार मर्मत तथा संचालन खर्च	११३२६१०।००	५२४५०५।००	६०८१०५।०० बढेको ।	(५४% बढी)
२२३१४	इन्धन अन्य प्रयोजन	१९११९००।००	७९२००।००	११२७००।०० बढेको ।	(५९% बढी)

१९.१२(२-2082-03-22):

सक्कल विजकः (एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम वउशीनं ३७०००११६४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा सक्कल विजकका आधारमा खर्च लेख्नुपर्ने ब्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा संझौता अवधि भित्र कार्यसम्पन्न नगरेमा संझौता अंकको दैनिक ०.05 प्रतिशतका दरले वढीमा संझौता रकमको १०% सम्म पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले वडा नं ५ मा निर्माण भैरहेको १० शैय्या अस्पताल(ठेक्का नं १०।२०७७।७८) को यो वर्ष तेस्रो रनिड विल मूअकर विजकको प्रतिलिपि (विजक नं ४ मिति २०८२।३।१९) संलग्न गरी रु. २७४९४१००।०० भुक्तानी गरेको छ । यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन ।

क) उक्त अस्पतालको २०८२।५।१७ मा स्थलगत निरीक्षण गर्दा प्लाष्टरको काम भैरहेको पाइयो । निर्माण ब्यवसायी डाँफे पिएस जेभी (स्थालेन 616754081) सँग उक्त भवनको निर्माण कार्य २ वर्ष भित्र कार्यसम्पन्न गर्ने गरी २०७८।३।२३ मा मूअकर सहित रु ११७७३५९६।२५ मा संझौता भएको पाइयो । हालसम्म (तेस्रो रनिङ विल) रु ५१७६८६६२।०० भुक्तानी भएको उक्त भवनको म्याद ३ पटक थप गरी २०८२ पौष मसान्तसम्म पु-याएको पाइयो । म्याद थपका कारणमा सडक बाटो समस्या, कोभिड उल्लेख गरेको छ । निर्माणस्थलको अवलोकन गरेर नै ठेक्का स्वीकार गरेको निर्माण ब्यवसायीको वेवास्ताका कारण पटक पटक एकै कारण देखाई म्याद थप गर्नु मनासिव देखिएन । ठेक्काको म्याद थप कार्यमा संलग्नलाई जिम्मेबार बनाई संझौता अंकको १०% सम्म पूर्व निर्धारित क्षतिपूर्ति गाउँपालिकाले एकीन गरी उक्त निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्नुपर्दछ ।

ख) उक्त अस्पतालको २०८२।५।१७ मा स्थलगत निरीक्षण गर्दा प्लाष्टरको काम भैरहेको तथा विद्युतीकरण, सेनेटरीको काम शुरुवात गरेको देखिएन ।स्थलगत निरीक्षणमा न्युन संख्या(४ देखि ५ जना) मा ज्यामी तथा सिपालु कार्यरत रहेको पाइयो । तयार भैरहेको भवनको अवस्था देहाय अनुसार रहेको छ ।

ग) यो अस्पतालको शुरु मोविलाइजेशन पेश्की रु १११७००००।०० रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा (२०८०।८।२८ मा) रु १ करोड थप गरी रु २११७००००।०० कायम भएकोमा यो वर्ष रु ९४००००।०० समेत रु १३६२८४००।०० फस्र्योट गरी रु ७५४१६००।०० पेश्की बाँकी रहेको छ । राष्ट्रिय वाणिज्य वैंक, शाखा कार्यालय डोटीको च.नं एपिजी ०२।०८०।०८१ मिति ०८०।८।२४ पेश्की वैक जमानत रु १ करोडको म्याद २०८१।८।२३ मा सकिएको छ । समयमा पेश्की वैक जमानतको म्याद थप नगरी म्याद थप गर्ने कार्य मनासिब देखिएन । म्याद थप कार्यमा संलग्नलाई जिम्मेवार बनाई पेश्की जमानतको म्याद थप गरी पेश्की फस्र्योट र निर्माण कार्य पुरा गर्नुपर्दछ ।

१९.१३ **वितरण भरपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ मा खर्चको विल विल भरपाई संलग्न गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले कृषि कार्यका लागि रु १२०००।०० खरिद गरेको १६ लिटरका ५ स्प्रे ट्याकी, रु ९६०० पर्ने ८

लिटरका ५ स्प्रे ट्याकी तथा रु ७२०० पर्ने ३ स्वायल अकर समेत रु २८८००।०० का कृषि सामग्री वितरण नगरी सिलप्याक अवस्थामै गाउँपालिकाको भण्डार शखामा राखेको पाइयो । उक्त सामग्रीहरुको उपयोग सुनिश्चित हुने गरी छनौट भएका कृषकलाई वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२८,८००

२० **खरिद व्यवस्थापन**

२०.१ **वार्षिक खरिद योजना/गुरुयोजना** -सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३५९३९९८५।७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२०.२ **सवारी साधन खरिद** – अर्थ मन्त्रालयबाट स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ६ थान दुई पांङ्ग्रे सवारि साधन र १ थान व्याकहोइलोडर खरिदमा रू. ७५८७४००।०० खर्च गरेको छ। पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय रू. २५९९१३४।६२ रहेको छ। पालिकाले आफ्नो आन्तरिक आयको २९१ प्रतिशत बराबरको सवारी साधन खरिद गरेको देखिन्छ। पालिकाले आन्तरिक स्रोतको खाम्ने गरी मात्र सवारी साधन खरिद गर्नुपर्दछ।

२०.३ **मालसमान तथा उपकरण खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशिफिकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको भए पनि खरिद पश्चातका उपकरणहरु सोही बमोजिम रहे नरहेको सम्बन्धमा पूर्ण विवरण सहितको स्पेशिफिकेशन तथा नाँपजाँच गरिएको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट प्रभावकारी रुपमा निरिक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता निहित भए नभएको एकिन गर्न सकिएन। साथै खरिद गरिएका उपकरणहरुमा स्पेशिफिकेशनमा उल्लेख भए बमोजिम ग्यारेन्टी र वारेन्टी कार्ड समेत लिई व्यवस्थित अभिलेख राखेको देखिएन। पालिकाले यस तर्फ ध्यान दिंदै मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पूर्ण पालना गर्नुपर्दछ।

क्र स	भौ न तथा मिति	भुक्तानी प्राप्त गर्ने व्यक्तिको नाम	खरिद गरिएको वस्तु तथा सेवा	भुक्तानी भएको रकम
१	१६(२०८१।१२।०५)(पालिका पुँजिगत)	जैमिनी अटो मोटिभ्स प्रा.लि.	६ वटा मोटरसाईकल	१८४७४००
२	१४२(२०८२।०३।२३)	घटाल ट्रेनिङ्ग हाउस प्रा.लि.	१ वटा ब्याकहोई लोडर	५७४००००
जम्मा				७५८७४००

२०.४

डि.पि.आर. खर्च- बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।

कामको विवरण	परामर्शदाता	स्वीकृत रकम(भ्याट समेत)	खर्च रकम	अध्ययनबाट निर्धारण भएको योजनाको लागत परिणाम	कैफियत
१५४(२०८२।०३।२४)	टिडिआर इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.	१०२४९९३	९९०००	४८४२०५८६।०५	योजना कार्यान्वयनमा नगएको

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनैस्पष्ट आधार समेत नलिई स्वीकृत बजेट बमोजिमकै रकम बराबरको लागत अनुमान तयार गरी खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिकजनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमाकार्यालयकोप्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। यसरी डि.पि.आर. पश्चात तयार भएका अध्ययन प्रतिवेदन/आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। अत: डी.पी.आर. सेवा खरिद गर्दा आवश्यकता र औचित्यता पुष्टि हुने आधार संलग्न गरी लागत अनुमानलाई यथार्थपरक बनाउनुका साथै सार्वजनिक खरिद नियमावलीमा भएको परामर्श सेवा खरिद प्रक्रियाको पूर्ण पालना हुनुपर्दछ।

२१ स्वास्थ्य तर्फ

औषधी खरिद तथा भण्डारण

सार्वजनकि खरिद २०६४ को ऐन २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने तथा दफा ६ मा वार्षिक खरिद योजना तयार गरी खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले पटक पटक गरी कोटेशनबाट औषधी खरिद गरेको देखिन्छ।पालिकाले औषधी खरिदका लागि गो भौ नं ६०/ २०८२।११।२२ र १७३/ २०८२।३।८ बाट कुल रू ११०३३०० खर्च लेखेको छ।पालिकाले औषधी खरिद गर्दा वार्षिक योजना विना नै खरिद गरेको देखियो।आवश्यक औषधी यकिन गरी उपयुक्त खरिद प्रक्रिया अवलम्बन गर्नुपर्नेमा सो सम्बन्धमा ध्यान दिएको देखिएन।खरिद औषधीको मापदण्ड अनुसार भण्डारण गर्ने तथा वितरण गरिएका औषधीको स्पष्ट अभलेख राखेको देखिएन। पालिकाले वर्ष भरीका लागि आवश्यक औषधीको यकिन गरी प्रतिस्पर्धात्मक खरिद विधिबाट औषधी खरिद गर्न ध्यान दिनुपर्दछ।साथै खरिद औषधीको मापदण्ड अनुसारको भण्डारणका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने साथै वितरित औषधीको स्पष्ट अभिलेख राख्न ध्यान दिनुपर्छ।

२२ शिक्षा तर्फ

२२.१ सामुदायिक सिकाई केन्द्र

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ को ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विद्यान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. ३०००००।०० अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुचमा सुनिश्चितता, अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम अर्न्तगत सामुहिक सिकाई केन्द्र संचालन वापत तपसिलका सिकाई केन्द्रलाई संचालन अनुदान स्वरूप रू ६४३५०० निकासा भएको देखियो। उक्त केन्द्रलनई निकासा भएको अनुदानको उपयोग र उपलब्धि खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदान उपयोगको स्पष्ट चित्रण हुनेगरी प्रतिवेदन पेश गर्ने व्यवस्थाका लागि पालिकाले ध्यान दिनुपर्छ।

क्र स	सिकाई केन्द्रको नाम	रकम रु.
१	बागेश्वरी सामुदायिक अध्ययन केन्द्र	१२८७००
२	छेडेदह सामुदायिक सिकाइ केन्द्र	१२८७००
३	ज्यूलेखमाण्डु सामुदायिक अध्ययन केन्द्र	१२८७००
४	कैलाशपति सामुदायिक सिकाइ केन्द्र	१२८७००
५	न्यू खप्तड सामुदायिक सिकाय केन्द्र	१२८७००
	जम्मा	६,४३,५००।०

२२.२ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली,२०५९ को नियम ४ र सो को अनुसूची ३को ठ अनुसार हिमाली क्षेत्रमा १ शिक्षक बराबर ४५ जना विद्यार्थी र पहाडी क्षेत्रमा १ शिक्षक बराबर ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।साथै स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३१ सामुदायिक विद्यालयको प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको छ।

क्र.स.	विद्यालयको नाम	ठेगाना वडा नं	सञ्चालित कक्षा	जम्मा कार्यरत शिक्षक संख्या	विद्यार्थी संख्या	प्रति शिक्षक विद्यार्थी संख्या
१	बढी चौर आ वि	५	५	४	३४	९
२	बाल विकास	५	८	९	३३७	३७
३	भागेश्वरी आ वि	३	४	२	६१	३०
४	भवानी मा वि	३	१०	१२	४८६	४१
५	ब्रह्मदेव आ वि	६	८	८	१६३	२०
६	ब्रह्मेश्वरी आ वि	३	८	८	३०१	३८
७	दशरथ मा वि	७	१२	१९	३६३	१९
८	दशरथ बडालेक आ वि	७	५	७	१३१	१९
९	दोनागिरी आ वि	४	५	३	८९	३०
१०	देवस्थली मा वि	२	१०	१३	२०६	१६
११	धनाल्त आ वि	३	५	२	७९	४०
१२	दुर्गा भवानी आ वि	१	८	८	२०३	२५
१३	घटालमाण्डु आ वि	५	५	३	११२	३७
१४	जाल्पादेवि मा वि	६	१०	११	३८५	३५
१५	जय दुर्गे आ वि	१	२	२	४५	२३
१६	जिउलेख आ वि	४	५	४	१६२	४१
१७	काँडा भवानी मा वि	१	१२	२०	४४९	२३
१८	खापरदेवस्थली आ वि	७	५	३	३७	१२
१९	खापरदेवस्थली मा वि	४	१२	१४	५८७	४२
२०	खप्तड आ वि	१	५	३	१००	३३
२१	कुर्पेकोट आ वि	२	८	८	११५	१४
२२	मालिका मा वि	२	१०	१२	३०५	२५
२३	मष्टा आ वि	७	८	८	१५६	२०
२४	मष्टेश्वरी आ वि	२	५	३	५७	१९
२५	मष्टेश्वरी मा वि	५	१२	२१	७०७	३४
२६	पार्वती आ वि	१	३	४	३६	९
२७	फुलवारी आ वि	१	४	४	५८	१५
२८	सरस्वती मा वि	७	१०	१०	२८७	२९
२९	शैलेश्वरी आ वि	५	५	३	८८	२९
३०	त्रिपुरा आ वि	१	२	२	४९	२५

३१	त्रिवेणी आ वि	३	३	३	२६	९
	जम्मा			२३३	६२१४	२७

यस पालिकामा रहेका विद्यालयमध्ये शिक्षक विद्यार्थी अनुपात ९ देखि ४२ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। पालिकाका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात वितरण व्यवस्थित भएको देखिएन।न्यून विद्यार्थी संख्या र अधिक शिक्षक रहेका कारण प्रति विद्यार्थी लागत बढेको देखिन्छ। भौगोलिक अवस्था, औचित्यता र आवश्यकता समेतलाई ध्यानमा राखी विद्यार्थी सङ्ख्या कम भएका विद्यालयहरूलाई नजिकको विद्यालयसँग समायोजन गरी सञ्चालन गर्न उपयुक्त हुने देखिन्छ। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यानदिनुपर्दछ।

२२.३ **शैक्षिक प्रवर्द्धन कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।साथै सरकारी रकम खर्च गर्दा सुनिश्चित हुनुपर्ने विषयको (ज) मा कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भएको, कामको गुणस्तर र परिमाण समेत सन्तोषजनक भएको यकीन गरी खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि बजेटमा रू. ४३९००००।०० विनियोजन गरेको छ। उक्त शीर्षकबाट पालिकाले शैंक्षिक प्रवर्द्धनका लागि प्रत्येक वडाका लागि विनियोजित बजेटमा समावेश गरी वडा मार्फत तपशिलका विद्यालयमा उपलब्ध गराएको देखिन्छ। यसरी विनियोजित बजेटबाट भएको खर्च रू. ४३८९८२०।०० को औचित्यता पुष्टि हुने गरी कुनै अभिलेख राखेको देखिदैन।उक्त रकमको खर्च गर्ने सम्बनधमा कुनै कार्यविधि तथा मापदण्ड बनाएको पाइएन।साथै खर्चका सम्बन्धमा सम्बन्धित वडालाई जिम्मेवार बनाएको पनि देखिएन। पालिकाबाट उक्त रकम कुन शीर्षकमा के प्रयोजनका लागि खर्च हुने गरेको छ, त्यसबाट के कति उपलब्धि प्राप्त भए भन्ने सम्बन्धमा यथार्थ प्रतिवेदन पेश भएको देखिएन।कुनै कार्यविधि तथा मापदण्ड विना गरिएको खर्चलाई नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ।पालिकाबाट विनियोजित बजेटको सम्बन्धित वडाबाट भएको शैक्षिक प्रवर्द्धन कार्यक्रमको खर्चमा वडा कार्यालयलाई समेत जिम्मेवार बनाई नियमित गर्नुपर्ने रकम रू.

खप्तड छेडेदह गाउँपालिका वडा नं.१	वडाको नाम	विनियोजित रकम	खर्च
१	त्रिपुरा आ.विशैक्षिक प्रवर्द्धन	१०००००	१०००००
२	दुर्गा भवानीआ.वि शैक्षिक प्रवर्द्धन	२५००००	२५००००
३	फुलवारी आ.विशैक्षिक प्रवर्द्धन	१०००००	१०००००
४	खप्तड आ.विशैक्षिक प्रवद्धन	१०००००	१०००००
५	पार्वति आ.विशैक्षिक प्रवर्द्धन	१०००००	१०००००
६	जयदुर्गा आ.विशैक्षिक प्रवर्द्धन	१०००००	१०००००
खप्तडछेडेदह गाउँपालिकावडा नं.२			
७	देवस्थली मा.वि शैक्षिकप्रवर्द्धन	१५००००	१५००००
८	कुर्पेकोट आ.वि शैक्षिकप्रवर्द्धन	६००००	६००००
९	मालिका मा.विशैक्षिक प्रवर्द्धन	२०००००	२०००००
१०	मष्टेश्वरीआ.वि. शैक्षिक प्रवर्द्धन	५००००	५००००
खप्तडछेडेदह गाउँपालिकावडा नं.३			
११	ब्रह्मेश्वरीआ.वि शैक्षिक प्रवद्र्धन	१५००००	१५००००
खप्तडछेडेदह गाउँपालिकावडा नं.४			
१२	दौनागिरी आ.विशैक्षिक प्रवर्द्धन	२५००००	२५००००
१३	जिउलेख आ.विशैक्षिक प्रवर्द्धन	२०००००	२०००००
१४	खापरदेवस्थलीमा.वि शैक्षिक प्रवर्द्धन	५०००००	५०००००
खप्तडछेडेदह गाउँपालिकावडा नं.५			
१५	घटालमाडौं आ.वि शैक्षिकप्रवर्द्धन	१५००००	१५००००
१६	बडीचौर आ.विशैक्षिक प्रवर्द्धन	१३००००	१३००००
१७	वालविकास आ.विशैक्षिक प्रवर्द्धन	४०००००	४०००००
१८	शैलेश्वरी अ.वि शैक्षिकप्रवद्धन	२०००००	२०००००
खप्तडछेडेदह गाउँपालिकावडा नं.६			
१९	जाल्पादेवीमा.वि शैक्षिक प्रवर्द्धन	३०००००	३०००००
२०	बैद्यदेव आ.विशैक्षिक प्रवर्द्धन	२०००००	२०००००
खप्तडछेडेदह गाउँपालिकावडा नं.७			
२१	वडा स्तरिय गुणस्तरिय शिक्षाविकास तथा शैक्षिक प्प्रवर्द्धन कार्यक्रम	७०००००	६९९८२०
	जम्मा रू	४३९००००	४३८९८२०

अनियमित भएको	४३,८९,८२०

२२.४ **दरबन्दी भन्दा बढी (स्वायं सेवक शिक्षक) शिक्षक नियुक्ति**

खप्तड छेडेदह गाउँपालिकाको स्थानीय शिक्षा नियमावली २०७४ को नियम ६(ड) मा गाउँ सभाले पारित गरेको कानुन तथा शैक्षिक नीतिको अधिनमा रही काम गर्नुपर्नेछ भनी उल्लेख छ।साथै उक्त नियमावलीको नियम ६ को विद्यालयले पालना गर्नुपर्ने शर्त तथा बन्देजको (झ) मा सामुदायिक विद्यfलयमा गाउँ कार्यपालिकाले तोकेको संख्याको अधिनमा रही शिक्षक सेवा आयोगको सिफारिस अनुसार शिक्षक नियुक्ति गर्नुपर्ने उल्लेख छ।उल्लेखित व्यवस्था भन्दा फरक ढङ्गबाट पालिकाले दरबन्दी भन्दा बढी ३४ जना शिक्षक (स्वयम सेवक शिक्षक)नियुक्ति गरेको देखिन्छ। साथै उल्लेखित ३४ शिक्षक नियुक्ति समेत यस व्यवस्था अनुरूप भएको देखिएन। पालिकाले कुनै कानुनी व्यवस्था तथा करार सम्झौता बिना आन्तरिक स्रोतबाट शिक्षकको तलबका लागि रू ९५ लाख १२ हजार ९३५ अनुदान दिएको देखिएकोछ।यस्तो खर्च नियन्त्रण गरी भएको खर्च नियमित गर्नुपर्ने रू

क्र.सं.	मिति	गो भौ. नं.	कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम	खर्च
१	१५/०६/२०८१	१४	स्वयमसेवक शिक्षकपारिश्रमिक	२९२२५६६
२	२९/०९/२०८१	८२	स्वयमसेवक शिक्षकपारिश्रमिक	२१६५२३४
३	१७/१२/२०८१	३१९	स्वयमसेवक शिक्षकपारिश्रमिक	२२५००००
४	२०८२/०२/३०	५०७	स्वयमसेवक शिक्षकपारिश्रमिक	२१७५१३५
	जम्मा			९५१२९३५

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को ज (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन अधिकार पालिकामा रहेको छ। पालिकाले विद्यालयहरूले दरबन्दी भन्दा बढी नियुक्ति गरेका शिक्षकको सम्बन्धमा स्पष्ट र व्यवस्थित अभिलेख राखेको देखिएन।पालिका भित्र विद्यालयमा कार्यरत शिक्षकहरूको व्यक्तिगत विवरण खुल्ने गरी अभिलेख व्यवस्थापन गर्न पालिकाले ध्यान दिनुपर्छ।

२२.५ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका ३१ वटा सामुदायिक विद्यालयमा २३३ शिक्षक दरवन्दी रहेकोमा २३३ नै शिक्षकको पदपूर्ति रहेको छ।विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी मिलान भएको देखिएन। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२(क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिकाका स्थित ३१ वटा सामुदायिक विद्यालयमा १५७८ जना विद्यार्थी अध्ययनरत रहेका छन। पालिकाले न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्दछ।

२२.६ **अनुदान उपयोगको प्रतिवेदन**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। यस वर्ष ३१ वटा विद्यालयमा कुल ६२१४ विद्यार्थीका लागि जम्मा रु. १३७७४८९३२।३ निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन।प्रतिवेदन पेश नहुँदा उक्त खर्चको लाभ लागत अवस्था यकीन गर्न सकिएन। अत: पालिकाबाट हुने खर्चको यथार्थ चित्रण हुने गरी प्रतिवेदन तयार गर्नेगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालनामा जोड दिनुपर्छ।

२२.७ **छात्रवृत्ति**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार ३१ विद्यालयहरुलाई छात्रवृत्ति वापतको रू. ७४४०००।० निकासा गरेको गो भौ नं ८९/ २०८१-१२-१७ बाट देखिन्छ।छात्रवृत्ति रकमको यथार्थ उपयोग सम्बन्धमा पालिकाबाट आवश्यक अनुगमन हुनुपर्दछ।

क्र.सं.	विद्यालयको नाम र ठेगाना	संचालित कक्षा		छात्रा छात्रवृति (कक्षा १- ५ सम्म)			दलित छात्रवृती (कक्षा १-५ सम्म)			कुल छात्रवृती निकासा
		देखि	सम्म	छात्रा संख्या	दर	जम्मा रकम	दलित विद्यार्थी संख्या	दर	जम्मा रकम	
१	श्री दुर्गाभवानी आ.वि.	कक्षा १ देखि	८ सम्म	७३	४००	२९२००	०	४००	०	२९२००
२	श्री पार्वती आ.वि.	ई.सि.डि देखि	3 सम्म	१२	४००	४८००	०	४००	०	४८००
३	श्री त्रिपुरा आ.वि.	ई.सि.डी. देखि	२ सम्म	१७	४००	६८००	०	४००	०	६८००
४	श्री जयदुर्गा आ.वि.	कक्षा १ देखि	२ सम्म	११	४००	४४००	१४	४००	५६००	१००००
५	श्री फुलबारी आ.वि.	कक्षा १ देखि	४ सम्म	३०	४००	१२०००	१	४००	४००	१२४००
६	श्री खम्रड आ.वि.	कक्षा १ देखि	५ सम्म	५९	४००	२३६००	०	४००	०	२३६००
७	श्री काँडा भवानी मा.वि.	ई.सि.डी. देखि	१२ सम्म	६६	४००	२६४००	३५	४००	१४०००	४०४००
८	श्री देवस्थली मा.वि.	ई.सि.डी. देखि	१० सम्म	६१	४००	२४४००	१५	४००	६०००	३०४००
९	श्री मष्टेश्वरी आ.वि.	कक्षा १ देखि	५ सम्म	२९	४००	११६००	०	४००	०	११६००
१०	श्री मालिका मा.वि.	ई.सि.डी. देखि	१० सम्म	७६	४००	३०४००	११	४००	४४००	३४८००
११	श्री कुर्पेकोट आ.वि	ई.सि.डी. देखि	८ सम्म	२८	४००	११२००	२	४००	८००	१२०००
१२	श्री भाग्यश्वरी आ.वि.	कक्षा १ देखि	४ सम्म	२९	४००	११६००	०	४००	०	११६००
१३	श्री भवानी मा.वि.	ई.सि.डी. देखि	१० सम्म	११४	४००	४५६००	६०	४००	२४०००	६९६००
१४	श्री त्रिवेणी आ.वि।	ई.सि.डी. देखि	५ सम्म	९	४००	३६००	३	४००	१२००	४८००
१५	श्री धनाल्त आ.वि.	कक्षा १ देखि	५ सम्म	५६	४००	२२४००	०	४००	०	२२४००
१६	श्री ब्रह्मेश्वरी आ.वि.	कक्षा १ देखि	८ सम्म	११४	४००	४५६००	१	४००	४००	४६०००
१७	श्री दौनागिरी आ.वि.	कक्षा १ देखि	५ सम्म	३६	४००	१४४००	०	४००	०	१४४००

१८	श्री ज्यूलेख आ.वि.	ई.सि.डी. देखि	५ सम्म	७०	४००	२८०००	३०	४००	१२०००	४००००
१९	श्री खापरदेवस्थली मा.वि.	ई.सि.डी. देखि	१२ सम्म	९१	४००	३६४००	१	४००	४००	३६८००
२०	श्री बडिचौर आ.वि.	कक्षा १ देखि	५ सम्म	१८	४००	७२००	११	४००	४४००	११६००
२१	श्री शैलेश्वरी आ.वि.	कक्षा १ देखि	५ सम्म	४६	४००	१८४००	४	४००	१६००	२००००
२२	श्री बालविकास आ.वि.	ई.सि.डी. देखि	८ सम्म	८९	४००	३५६००	१	४००	४००	३६०००
२३	श्री मष्टेश्वरी मा.वि.	ई.सि.डी. देखि	१२ सम्म	७४	४००	२९६००	२१	४००	८४००	३८०००
२४	श्री घटालमाण्डौ आ.वि.	ई.सि.डी. देखि	५ सम्म	४७	४००	१८८००	२०	४००	८०००	२६८००
२५	श्री जाल्पा मा.वि.	ई.सि.डी. देखि	१० सम्म	१०७	४००	४२८००	४१	४००	१६४००	५९२००
२६	श्री ब्रह्मदेव आ.वि.	ई.सि.डी. देखि	८ सम्म	३८	४००	१५२००	०	४००	०	१५२००
२७	श्री दशरथ मा.वि.	कक्षा ६ देखि	१२ सम्म	०	४००	०	०	४००	०	०
२८	श्री दशरथ बडालेख आ.वि.	ई.सि.डी. देखि	५ सम्म	५०	४००	२००००	२	४००	८००	२०८००
२९	श्री मष्टा आ.वि.	ई.सि.डी. देखि	८ सम्म	३३	४००	१३२००	९	४००	३६००	१६८००
३०	श्री सरस्वति मा.वि.	ई.सि.डी. देखि	१० सम्म	७८	४००	३१२००	०	४००	०	३१२००
३१	श्री खापरदेवस्थली आ.वि.	कक्षा १ देखि	५ सम्म	१७	४००	६८००	०	४००	०	६८००
				१५७८			२८२			७४४०००

२२.८ **स्यानिटरी प्याड खरिद** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि पालिकाले सामूदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकबाट बाट २२४४० थान स्यानिटरी प्याड प्रति पिस रु ८० का दरले रु. १६८२९०० मा खरिद गरेको देखिन्छ। साथै आ व २०८०/८१ मा २००० थान स्यनिटरी प्याड प्रति पिस ४२का दरले रू ५४२४०० मा खरिद गरेको देखियो। अघिल्लो आ व मा E-biding मार्फत खरिद गरेकोमा यस वर्ष कोटेशनबाट खरिद भएको देखिन्छ। अघिल्लो आ व मा E-biding मार्फत खरिद गरिएको सामान पछिल्लो आ व मा कोटेशनद्वारा

खरिद गर्नु मितव्ययीता र औचित्यताका दृष्टिले उपयुक्त हुने देखिदैन।तसर्थ पालिकाले खरिद गर्दा प्रतिस्पर्धा प्रवर्द्धन, गत वर्षको अभ्यास, मितव्ययीता र औचित्यता समेतलाई ध्यान दिएर खरिद गर्नुपर्दछ।

क्र.स.	आ.व.	गो. भौ.नं. र मिति	भुक्तानी पाउने को नाम	भुक्तानी रकम	खरिद प्रक्रिया	प्रति इकाय दर	परिमाण
१	२०८०/८१	११३(२०८१।०२।३१)	ग्लोबल ड्रग सप्लायर्स	५४२४००	e-bidding	२४	२०००० प्याकेट
२	२०८१/८२	२४०(२०८२।०३।२४)	एन्जिला ट्रेड एण्ड सप्लायर्स	१६८२९००	कोटेशन	८०	२२४४० प्याकेट

आर्थिक वर्षको अन्त्यमा स्यानिटरी प्याड खरिद गरेको तर वितर नगरी आर्थिक मितव्ययीता र प्रतिस्पर्धा प्रवर्धन गर्नुपर्ने व्यवस्थाको विपरित खरिद भएको देखिन्छ।खरिद गरिएका प्याड समयमै विद्यालयमा वितरण गर्नुपर्नेमा सो नगरी प्रति कट्टा १३२ कारदरले ५७कट्टा (७५२४प्याकेट) मौज्दात रहेको देखिन्छ। साथै खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।प्राविधिक परिक्षणका क्रममा Acid, Alkali, PH of absorbent material, कम्तिमा ९० प्रतिशत Degrade within 6 months को मापदण्डमा परीक्षण भएको अभिलेखमा देखिएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाण तोकिएको Specification अनुसार प्याड खरिद गरी परिक्षण समेत गरी प्रभावकारी अभिलेखन गर्नुपर्दछ।

२२.९ **अनुगमन तथा नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२२.१० **अनुदानको अनुगमन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरु (सिकाइ केन्द्र समेत)लाई यो वर्ष निम्नानुसार रू. ४३७७४८९३२।३ अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने पद्धति विकास गर्नुपर्छ।

२२.११ **IEMIS अद्यावधिक**

शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/८२ मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ती, नि:शुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यपन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा निकासा दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन।IEMIS को विवरणलाई सत्यापन नगरी छात्रवृत्ति र अन्य अनुदान वितरण गर्दा दुरूपयोग हुने जोखिम रहन्छ।तसर्थ विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरीएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२२.१२ **शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ अनुसार तोकिएको सुचकाङ्कका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई सिकाई सुदृढिकरणका उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्बितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख अनुदान दिनेउल्लेख छ। पालिकाकोशिक्षा शाखाबाट विद्यालयको मुल्याङ्कनको आधारमा अनुदान दिएको देखिएन। विद्यालयको सिकाई सुदृढिकरणका उच्चतम अङ्क प्राप्त गर्ने विद्यालयलाई कार्यक्रम कार्यान्वयन पुस्तिकाको सबै बेहोरा पालना गरीअनुदान दिनुपर्दछ।

२२.१३ **आइसिटी ल्याव स्थापना**

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय च.नं. ११४६ मिति २०८०।११।१४ अनुसार पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख र सूचना प्रविधि अधिकृतको उपस्थितिमा विद्यालय व्यवस्थापन समिति र शिक्षक स्टाफको बैठकबाट खरिद तथा जडान गर्नुपर्ने सामाग्रीहरुको सूची एकीन गरी सामाग्रीको स्पेसिफिकेसन तयारी गर्नुपर्ने परिपत्र गरेको छ। त्यसै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरी स्थापना गरिने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ। यस पालिकाबाट संचालित निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ।

क्र.स	विद्यालयको नाम	कार्यक्रम	निकासा रकम रु.
१	जाल्पादेवी मा.वि. खप्तड छेडेदह ६ सुदाडा बाजुरा	ICT प्रयोगशाला	६५००००

२२.१४ बढी ग्रेड गणना

आर्थकि कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।साथै ऐ ऐ नियमावलीको नियम ४१ (ख)मा सरकारी रकम खर्च गर्दा सनिश्चित हुनुपर्ने विषयमा आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको यकिन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था अनुसार तलब भुक्तानीको लागि आवश्यक कागजात तलबी प्रतिवेदनमा उल्लेखित ग्रेड अनुसार यकिन गरी भुक्तानी गरेको देखिएन। तपसिलका शिक्षकको तलबी प्रतिवेदनमा उल्लेख भएको भन्दा १ ग्रेड बढी गणना गरी भुक्तानी गरेको देखिन्छ। तसर्थपालिकालेलग्रेड यकीन गरी भुक्तानी गर्नुपर्छ।

क्र सं	शिक्षकको नाम	तह	तलबी प्रतिवेदनमा कायम भएको ग्रेड संख्या	भुक्तानी भएको ग्रेड संख्या	बढी भुक्तानी भएको रकम
१	राम बहादुर रावत	मा तृतीय	४	५	रू १४५६
२	गणेश बहादुर रावत	मा तृतीय	३	४	रू १४५६
३	लोग बहादुर बुढा	मा तृतीय	३	४	रू १४५६
४	विन्दु कुमारी पाण्डे	मा तृतीय	३	४	रू १४५६
५	विक्रम खडायत	नि मा तृतीय	४	५	रू ११५८
६	खड्ग राज जोशी	नि मा तृतीय	३	४	रू ११५८
७	खड्ग बहादुर धामी	नि मा तृतीय	४	५	रू ११५८
८	दुर्ग बहादुर नेपाली	नि मा तृतीय	३	४	रू ११५८
	जम्मा				रू १०,४५६

२२.१५ **तलबी प्रतिवेदन विना तलब भुक्तानी**

आर्थकि कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। साथै ऐ ऐ नियमावलीको नियम ४१ (ख)मा सरकारी रकम खर्च गर्दा सनिश्चित हुनुपर्ने विषयमा आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको यकिन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था अनुसार तलब भुक्तानीको लागि आवश्यक कागजात तलबी प्रतिवेदन बिना नैयस पालिकाबाट तपशिल बमोजिमका शिक्षकको तलब भुक्तानी भएको देखियो।पालिकाले आवश्यक कागजातको व्यवस्थित अभिलेख राखी तलब भुक्तान गर्ने पद्वती विकास गर्नुपर्दछ। तलबी प्रतिवेदन बिना भुक्तानी खर्च लेखेको प्रमाण पेश अन्यथा असुली गर्ने रू
.

क्रं सं.	शिक्षकको नाम	तह	विद्यालय	रकम	अवधि
१	युवराज चौधरी	मा वि तृतीय	काँडँभवानी मा वि	रू ७८७९९५	४ त्रैमासिक
२	प्रमोद कुमार यादव	मा वि तृतीय	काँडाभवानी मा वि	रू १२४५३६	पहिलो त्रैमासिक
३	पदमराज पाध्य	मा वि तृतीय	काँडाभवानी मा वि	रू ५८९६३१	३ त्रैमासिक पछिल्लो ९ महिना
	जम्मा			रू १५०२१६२	

प्रमाण पेश नगरेको	१,५०,१६२

२३ **कार्यक्षेत्र बाहिरको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्यदक्षता र औचित्य समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरेको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्च नियमसम्मत मान्न नसिकएको रू.

गो.भा.नं./ मिति	**विवरण**	**प्रयोजन**	**खर्च रु**
१३८-२०८१।१०।१३	प्रहरी चौकी दोगाडी	कार्यक्रम खर्च	३२०००
१४१-२०८१।१०।१४	जिल्ला प्रहरी कार्यालय	पुस्तक खरिद	७२२००
१५८-२०८१।१०।१५	प्रहरी चौकी काँडा र प्रहरी चौकी दोगडी	बाइक मर्मत र कार्याक्रम खर्च	५२५००
१७८-२०८१।१०।२०	प्रहरी चौकी आटिचौर	कार्यक्रम खर्च	२४५३५
२०७-२०८१।११।१	प्रहरी चौकी दोगडी	बाईक मर्मत र सामाजिक सुरक्षा वितरण वापत	३००००
२७३-२०८१।१२।५	काँडा प्रहरी चौकी	सामग्री खरिद	२४०००
३५३-२०८२।१।३	प्रहरी चौकी दोगडी	विविध खर्च	१४०००
३७५-२०८२।१।८	जिल्ला प्रहरी कार्यालय	आर्टस् निर्माण	१५०००
५०१-२०८२।२।३०	ताटे प्रहरी चौकी	बाइक मर्मत	२७२५०
७०१-२०८२।३।२५	जिल्ला सरकारी वकिल कार्यालय	गाडी मर्मत	१५०००
जम्मा			२८२४८५

अनियमित भएको	२,८२,४८५

२४ **सवारी साधन भाडा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानी नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनुपर्ने उल्लेख छ। गाउँपालिकाले यो वर्ष सवारी साधन भाडामा रू.१३,५०,००० खर्च गरेको छ। कार्यालयको सामान्य कामकाजमा जाँदा पनि गाडी भाडामा लिई प्रयोग गर्ने गरेको, एक जना व्यक्ति मात्र कार्यालयको काममा जानुपर्ने अवस्थामा पनि गाडी भाडामा लिएको पाईयो। पालिकाबाट हुने प्रायःजसो कार्यक्रम, तालिम, गोष्ठी आदिको लागि भाडामा लिने परिपाटी देखिएकोले पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी खर्च गर्दा मितव्ययी हुनुपर्ने र रकम भुक्तानी प्रश्चात रकमको उपयोग सम्बन्धमा प्रतिवेदन पेश हुनुपर्दछ।

२५ **क्याम्पसलाई रकम भुक्तानी**

नेपालको संविधानको धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित विषयमा निहित रहने उल्लेख छ। यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगर सभाले बनाएको कानून बमोजम हुने उल्लेख छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई संविधानको अनुसूची-८ बमोजिम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ। उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, सञ्चालन र व्यवस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । पालिकाले गो.भौ.नं.४१९/२०८२।२।११ बाट बडिमालिका क्याम्पसलाई रू.२००००० र गो.भा.नं.४७९/२०८२।२।२६ बाट बाजुरा क्याम्पसलाई रू.१००,००० उच्च शिक्षा गुणस्तर सुधार तथा क्याम्पसको व्यवस्थापनार्थ भुक्तानी दिएको छ । उक्त कार्य पालिकाको कार्य क्षेत्र भित्र पर्ने नदेखिएकोले यस्तो खर्चमा सुधार हुनुपर्दछ ।

२६ **फरक शिर्षक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नु र एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ। जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले निम्नानुसार फरक शिर्षकवाट खर्च गरेको देखिएकोले उक्त रकम नियम सम्मत नदेखिएको रू.

गो.भा.नं./मिति	विवरण	रकम
९०-२०८१।१०।४	मसलन्द खरिदबाट विविध खर्च(चिया, नास्ता)	१५६००
१५८-२०८१।१०।१५	मेशिनरी तथा औजार मर्मत संभारबाट आर्थिक सहयोग	२००००
२४९-२०८१।१२।५	स्वास्थ्य शिविर सञ्चालन खर्चबाट विविध खर्च(चिया नास्ता)	८१०००
२८१-१२।६	करार सेवा शुल्कबाट मेशिनरी तथा मर्मत संभार	२४९००
४२९-२।११	मेशिनरी तथा मर्मत संभारबाट ईन्धन खर्च	९९४१८
जम्मा		२४०९१८

अनियमित भएको	२,४०,९१८

२७ **जरिवाना (सवारी बीमा तथा नवीकरण)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले सवारी साधनको बीमामा तथा नवीकरण समयमै गर्नुपर्नेमा ढिलो गरी बीमा तथा नवीकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले ढिलो गरी बीमा तथा नवीकरण जरिवाना स्वरूप रू. ८९००।०० भुक्तानी गरेको छ ।यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	८,९००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : खप्तड छेडेदह गाउँपालिका, बाजुरा , खप्तड छेडेदह गाउँपालिका , बाजुरा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नन्दकृष्ण पाध्याय	२०८१-०४-०१	२०८१-०६-२३
कार्यालय प्रमुख	नन्द बहादुर रावत	२०८१-०६-२४	२०८२-०५-३१
लेखा प्रमुख	अमर बहादुर माझी	२०८१-०४-०१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९०८,७७६	१७,१३९,१००.२२	५,७८०,२९४.८९	०	०	५५८,९८२
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२४,३८७,१५३.११
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२४,३८७,१५३.११

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५८५६७७६३.३२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३१९३४७७६९	चालु खर्च	२७०७७१८०८.६३
प्रदेश सरकारबाट अनुदान	३१९२४५५७	पूँजीगत खर्च	१२८००७४२७
राजश्व बाँडफाँट	८२५६६११६.९९	वित्तीय/अन्य व्यवस्था	१७९३९२६६२.१५
आन्तरिक आय	२५९९१३४.६२		
अन्य आय	१४८७७४६५०.१६		
कुल आय	५८५२१२२२७.७७	कुल खर्च	५७८१७१८९७.७८
बाँकी मौज्दात		६५६०८०९३.३१	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत (सुत्रबाट तयार)वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा निम्नअनुसार देखिएको छः(सुत्रमा देखिएको)

वित्तीय प्रतिवेदन								
आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,२९,५७,९८१.६७	०	८,२९,५७,९८१.६७	७,५३,५९,८५८.१३	०	७,५३,५९,८५८.१३
१३०००	अनुदान		३१,७५,२४,६०४.३९	०	३१,७५,२४,६०४.३९	२९,६२,३०,९६५.३१	०	२९,६२,३०,९६५.३१
१४०००	अन्य राजस्व		१८,३७,१०४.७३	०	१८,३७,१०४.७३	१५,३१,५११.७३	०	१५,३१,५११.७३
१५०००	विविध प्राप्ति		३,६५,१६५.२१	०	३,६५,१६५.२१	१८,०९,३८७.५२	०	१८,०९,३८७.५२
क	कुल जम्मा प्राप्ति		४०,२६,८४,८५६.००		४०,२६,८४,८५६.००	३७,४९,३१,७२२.६९		३७,४९,३१,७२२.६९
३	चालु		२७,०७,७१,८०८.६३	०	२७,०७,७१,८०८.६३	२६,८९,४४,८४२.८२	०	२६,८९,४४,८४२.८२
२१०००	पारिश्रमिक / सुविधा		१७,३४,६२,०४४.८७	०	१७,३४,६२,०४४.८७	१५,९७,६७,१०३.८२	०	१५,९७,६७,१०३.८२
२२०००	मालसामान तथा सेवाको उपयोग		७,५७,७६,६७८.७६	०	७,५७,७६,६७८.७६	९,४५,१२,११८.००	०	९,४५,१२,११८.००
२५०००	सहायता (Subsidy)		१,५३,१२,८५८.००	०	१,५३,१२,८५८.००	५०,४५,१०४.००	०	५०,४५,१०४.००
२७०००	सामाजिक सुरक्षा		५८,५६,०२७.००	०	५८,५६,०२७.००	९२,४७,९१७.००	०	९२,४७,९१७.००
२८०००	अन्य खर्च		३,६४,२००.००	०	३,६४,२००.००	३,७२,६००.००	०	३,७२,६००.००

४	पूंजीगत		१२,८०,०७,४२७.००	०	१२,८०,०७,४२७.००	१३,२३,६२,७३७.००	०	१३,२३,६२,७३७.००
३१११०	भवन तथा संरचना		५,०४,७३,५२९.००	०	५,०४,७३,५२९.००	३,८३,७६,७८३.००	०	३,८३,७६,७८३.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		९१,२५,८००.००	०	९१,२५,८००.००	७५,८२,८८०.००	०	७५,८२,८८०.००
३११३०	अन्य पूँजीगत खर्च		१०,१७,०००.००	०	१०,१७,०००.००	१७,३९,४५५.००	०	१७,३९,४५५.००
३११५०	सार्वजनिक निर्माण		६,७३,९१,०९८.००	०	६,७३,९१,०९८.००	८,४६,६३,६१९.००	०	८,४६,६३,६१९.००
ख)	कुल जम्मा भुक्तानी		३९,८७,७९,२३५.६३		३९,८७,७९,२३५.६३	४०,१३,०७,५७९.८२		४०,१३,०७,५७९.८२
ग)	बचत /कमी (ग = क-ख)		३९,०५,६२०.३७		३९,०५,६२०.३७	(२,६३,७५,८५७.१३)		(२,६३,७५,८५७.१३)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		३०,५४,३६१.८३		३०,५४,३६१.८३	५,२६,८५८.५१		५,२६,८५८.५१
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी		५,३३६.८९		५,३३६.८९			
ङ)	यस आ.ब.को		६९,५९,९८२.२०		६९,५९,९८२.२०	(२,५८,४८,९९८.६२)		(२,५८,४८,९९८.६२)

	नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)							
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		५,८५,६७,७६३.३२		५,८५,६७,७६३.३२	८,४४,२१,७६१.९४		८,४४,२१,७६१.९४
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		६,५५,२७,७४५.५२		६,५५,२७,७४५.५२	५,८५,७२,७६३.३२		५,८५,७२,७६३.३२

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।